स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १५, अङ्क १
(२०८२ पुस १७ गतेदेखि चैत १७ गतेसम्म)

# मधेस प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेश कार्यालयले सन् २०२६ जनवरीदेखि मार्च महिनामा भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अभिलेखिकरण गरेका आधारमा मानव अधिकारको अवस्थालाई जानकारी गराउने उद्देश्यले त्रैमासिक रुपमा स्थिति सुचक प्रकाशन गर्दै आएको छ। प्रदेशका आठ ओटै जिल्लामा रहेका इन्सेक प्रतिनिधि, सरोकारवाला, सञ्जालसँगको समन्वय तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालको अनुगमनलाई आधार बनाएर तथ्याङ्कसहितको मानव अधिकारको अवस्थालाई यस त्रैमासिक स्थिति सूचकमा समावेश गरिएको छ।

सन् २०२६ जनवरीदेखि मार्च गरी तीन महिनामा इन्सेक मधेश प्रदेश कार्यालयले अभिलेख गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २ सय ५२ जना पीडित भएका छन्। जसमध्ये राज्य पक्षबाट एक महिला सहित १२ जना पीडित भए । जसमा एक जना घाइते भए भने ११ जना गिरफ्तारी घटनामा पीडित भएका छन्। अन्य पक्षबाट १ सय ८३ महिलासहित २ सय ४० जना पीडित भएका छन् । जसमा अमानवीय व्यवहार घटनामा दुई, कुटपिट घटनामा एक, ५३ जना घाइते र १२ जनाको हत्या भएको घटना अभिलेख छन्। जातीय भेदभाव तथा छुवाछुत घटनामा सात जना पीडित भएका छन्।

बाल अधिकारका घटनामा ३४ बालिका र एक बालक गरी ३५ जना बालबालिका पीडित भएका छन्। जसमध्ये अपहण घटनामा तीन, बालिका बेचविखन एक, साइवर अपराधमा सात, बलात्कार घटनामा १२ र यौन दुर्व्यवहार घटनामा ११ जना बालिका पीडित भएका छन्।

यसैगरी महिला अधिकारका घटनामा १ सय ३० जना पीडित भएका छन्। जसमा साइवर अपराधका घटना ४७, घरेलु हिंसा १८, दाइजो जनित हिंसामा १७, बोक्सी घटनामा चार, सामूहिक बलात्कार दुई, बलात्कार १५ तथा बलात्कार प्रयास घटनामा नौ, यौन दुर्व्यवहार तीन र महिला बेचविखन तथा ओसारपसार घटनामा ११ जना पीडित भए।

तीन महिनाको अन्तरालमा चार जान महिलाको परिवारका सदस्यबाट हत्या भएको छ। त्यस्तै सिरहा र सर्लाहीमा गोली प्रहार गरी दुई पुरुषको हत्या गरिएको छ। अस्पताल र चिकित्सकको लापरबाहीका कारण धनुषा र सर्लाहीका दुई जना महिलाको उपचारको क्रममा मृत्यु भएको छ।

यसैबीच प्रतिनिधि सभा निर्वाचनको पूर्व तयारी र मतदान प्रक्रियामा निर्वाचन आचारसंहिता विपरित हुने गतिविधिको इन्सेक मातहत रहेका आठ ओटै जिल्लाका २७ जना पर्यवेक्षकहरुले अनुगमन गरेका थिए। अनुगमनको क्रममा चुनावी प्रचारप्रसारको अवधिमा चार जना उम्मेदवार तथा सात जना नेता एवम् कार्यकर्तामाथि निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दै आक्रमण गरी कुटपिट हुँदा घाइते भएका थिए। त्यस्तै फागुन २१ गते मतदानस्थलमा विवाद हुँदा महोत्तरीको प्रेमनगरमा पाँच

जना घाइते भए। एकै व्यक्तिले पटक पटक मतदान गरेको आरोपमा रौतहटमा एक जनालाई गिरफ्तार गरियो। निर्वाचनमा भय पैदा गर्ने उद्देश्यले राखिएको शंकास्पद बस्तु विष्फोट हुँदा धनुषामा दुई बालबालिका र महोत्तरीमा दुई युवक घाइते भए। तथापि मधेस प्रदेशको ३२ ओटै निर्वाचन क्षेत्रमा मतदान शान्तिपुर्ण वातावरणमा सम्पन्न भयो।

मधेस प्रदेशको मानव अधिकारको अवस्था विश्लेषण गरिरहँदा यस क्षेत्रको भुगोल अनुसार परम्परागत संस्कृति तथा रीतिरिवाज नियाल्न आवश्यक छ। पितृसत्तात्मक हानिकार अभ्यास, सामाजिक अन्धविश्वास, दाइजो प्रथा र बोक्सीको आरोप जस्ता सामाजिक विकृतिहरु हिंसाका कारक तत्व हुन् । राज्यले विद्यालयस्तरदेखि नै नैतिक शिक्षा र लैङ्गिक समानताका अवधारणा विकार गर्न जरुरी रहेको देखिन्छ। महिला सशक्तीकरणलाई प्राथमिकतामा राखि महिलाहरूलाई शिक्षा, सीप र रोजगारीका अवसरहरू प्रदान गरी आर्थिक रूपमा सक्षम बन्न प्रेरित गरी आत्मनिर्भरको वातावरण सृजना गरिनु पर्छ।

समुदाय र रोकारवालाको सक्रियतामा सरकार, प्रहरी, नागरिक समाज, र संघ संस्थाहरूबीच समन्वय र सहकार्य गरी एकीकृत रूपमा हिंसा न्यूनीकरणका लागी अभियान चलाइ हिंसाजन्य कार्यमा संलग्नलाई कानुनी कारबाही गर्ने र दण्डहीनताको अन्त्य हुनुपर्नेमा खवरदारी गर्नु अत्यावश्यक रहेको देखिन्छ। नागरिकमा मानव अधिकार शिक्षा र सचेतना एवम् उजुरी दर्ता र कारबाही सम्बन्धी पर्याप्त जानकारी नभएका कारण पनि हिंसाजन्य क्रियाकलाप मौलाइरहेकाले सोको निवारणका लागि सचेतनामुखि कार्यक्रम सञ्चालन गरी सञ्जालको रुपमा सक्रिय बनाउन जरुरी छ।

**राजु पासवान**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
### (जनवरी–मार्च २०२६)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तारी | | ११ | ११ | | | | ११ |
| घाइते | १ | | १ | ८ | ४५ | ५३ | ५४ |
| कुटपिट | | | | | १ | १ | १ |
| बाल अधिकार | | | | ३४ | १ | ३५ | ३५ |
| जातीय विभेद | | | | ४ | ३ | ७ | ७ |
| हत्या | | | | ६ | ६ | १२ | १२ |
| अमानवीय व्यवहार | | | | १ | १ | २ | २ |
| महिला अधिकार | | | | १३० | | १३० | १३० |
| जम्मा | १ | ११ | १२ | १८३ | ५७ | २४० | २५२ |

# मधेस प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८२ पुस १७ गतेदेखि चैत १७ गतेसम्म)

**नागरिक तथा राजनीतिक अधिकार**

**सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**हत्या**

**अन्यपक्षबाट**

**सिरहा**

मिर्चैया नगरपालिका-७ तातृबोटदेखि १ किलोमिटर टाढा पर्ने टेनाखोला छेउमा ०८२ माघ ९ गते जलेको अवस्थामा महिलाको शव फेला पर्‍यो। वस्तु चराउन गएका स्थानीयले सूचना गरेपछि प्रहरी घटनास्थल पुगेको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी राजेश पुरीले बताए। शवको पोष्टमार्टम माघ ११ गते वीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दियो। हालसम्म मृतकको पहिचान खुल्न सकेको छैन।

औरही नगरपालिका-५ सुब्बा टोलकी २२ वर्षीया खुश्बु कुमारी यादवको शव गाउँकै पोखरीमा ०८२ फागुन २७ गते तैरिएको अवस्थामा फेला पर्‍यो। पीडित पक्षले घटनामा ससुरा दुखी यादवको संलग्नता रहेको भन्दै सोहि दिन प्रहरीमा उजुरी दिए। शवको पोष्टमार्टम फागुन २८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भएको एसपि बासुदेव पाठकले बताए। घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जानकारी दियो।

**धनुषा**

विदेह नगरपालिका -९ की २४ वर्षीया हलिमा खातुनको शव ०८२ माघ २८ गते जनकपुरधाम उपमहानगरपालिका-१७ तेतरिया बजारदेखि पौडेश्वर जाने शहीदपथ अन्तर्गत कनकपट्टी जाने बाटो नजिक फेला पर्‍यो। स्थानीयले शव देखेपछि सूचना गरे लगत्तै प्रहरी घटनास्थल पुगेको थियो। युवतीको घाँटीमा गम्छा बेरिएको अवस्थामा शव भेटिएको डिएसपी गणेश बहादुर बमले बताए। शवको पोस्टपार्टम माघ २९ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर अनिल बैठाले बताए।

औरही गाउँपालिका-१ पौडेसरमा २५ वर्षीया महिलाको शव हत्या गरेको अवस्थामा ०८२ माघ २३ गते साँझ सडक छेउमा फेला पर्‍यो। मृतकको टाउकोमा गहिरो चोट देखिएको हुँदा हत्या गरिएको आशङ्का गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी रुगम कुँवरले बताए। शवको पोस्टमार्टम माघ २३ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। हालसम्म मृतकको पहिचान खुल्न नसकेको प्रहरीले जानकारी दियो।

**महोत्तरी**

गौशाला नगरपालिका-१ रामनगरकी ७३ वर्षीया रासो देवी यादवको शव ०८२ माघ १६ गते निवस्त्र अवस्थामा घर नजिकै उखु बारीमा फेला पर्‍यो। यादव माघ १४ गते राति घरमै सुतिरहेको अवस्थामा बेपत्ता भएको भन्दै उनका छोरा हरी यादवले माघ १५ गते इलाका प्रहरी कार्यालय गौशलाका उजुरी दिएका थिए। शवको पोस्टमार्टम माघ १६ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो। घटना अझै अनुसन्धान प्रक्रियामा रहेको इन्स्पेक्टर रमेश लामाले जानकारी दिए।

**सर्लाही**

सिरहा जिल्ला सुखीपुर नगरपालिका-३ वैशाख घर भई हाल मलंगवा नगरपालिका-१० देवीटोल निवासी जिल्ला पूर्वाधार विकास कार्यालय मलंगवामा कार्यरत सब-इन्जिनियर ३२ वर्षीय प्रमोद कुमार यादवको ०८२ फागुन ३ गते राति गोली प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले महोत्तरी जिल्ला रामगोपालपुर नगरपालिका-५ का गणेश कुमार महतोलाई फागुन १२ गते, सोही ठाउँका विजयलाई फागुन १४ गते र सर्लाही जिल्ला बरहथवा नगरपालिका-३ का चन्द्र किशोरलाई फागुन १४ गते गिरफ्तार गर्‍यो। अपचरित समूहले यादवको छातीमा मुटु तल दाँया पट्टी गोली प्रहार गर्दा लडेको अवस्थामा उनको पत्नीले देखेपछि तत्कालै प्रहरीलाई जानकारी गराएकी थिइन्। घाइते यादवलाई प्रादेशिक अस्पताल मलंगवामा लगिएकोमा मृत घोषित गरेको थियो। शवको पोष्टमार्टम फागुन ४ गते प्रादेशिक अस्पताल मलंगवा भयो। मृतक यादवसँगै लोकसेवाका वैकल्पिक उम्मेदवार रहेको र सरकारी जागिरका लागि मुख्य दाबेरदार हुने लोभमा गणेश

कुमार महतोले हत्याको योजना बनाएको एसपी योगेन्द्र कुमार खड्काले बताए। जिल्ला अदालतको ०८३ वैशाख ९ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षको लागि थुनामा पठाउने आदेश भएको स्रेस्तेदार ज्ञानबहादुर खत्रीले बताए।

**बारा**

परवानीपुर गाउँपालिका-१ रहरियाडीकी ५२ वर्षीया सुमित्री देवी मण्डल र उनका छोरा ३२ वर्षीय रामेश्वर मण्डलको ०८२ माघ १४ गते हत्या गरेको आरोपमा प्रहरीले २९ वर्षीया बुहारी मनिता मण्डल र प्रसौनी गाउँपालिका-७ बन्जरियाका २९बर्षीय धर्मेन्द्र महत्तोलाई प्रहरीले गिरफ्तार गऱ्यो। बिहान ३ बजे धर्मेन्द्रले घरभित्र पसेर धारिलो हतियार प्रहार गर्दा सुमित्राका पति ५९ वर्षीय जगरूप महतो र २३ वर्षीया छोरी रीना कुमारी र बुहारी मनिता देवी मण्डल घाइते भए। घाइते दुई जनाको एलएस न्यूरो अस्पताल कलैयामा उपचार भयो। शवको पोष्टमार्टम माघ १५ गते प्रादेशिक अस्पताल कलैयामा भयो। मनिता र धर्मेन्द्र लामो समयदेखि प्रेम सम्बन्धमा रहेको कारण घटनाको योजना बनाइएको एसपी नरेन्द्र कुवरले जानकारी दिए। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले फागुन २० गते आरोपितहरुलाई पुर्पक्षको लागि थुना पठाउने आदेश भएको स्रेस्तेदार राजकुमार दहालले बताए।

**पर्सा**

कालिकामाई गाउँपालिका-१ मुडली घर भई जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत प्रहरी जवान २८ वर्षीय विकास चौरसियाको हत्यामा संलग्न भएको आरोपमा रौतहट जिल्ला माधव नारायण नगरपालिका-१ का २६ वर्षीय सन्तोष साह, उनकी पत्नी २४ वर्षीया सोनी साह, बारा जिल्ला गढिमाई नगरपालिका- ७ का १९ वर्षीय विशाल साह र भारतको दिल्लीका १९ वर्षीय कन्हैया कुमारलाई प्रहरीले ०८२ चैत ३० गते गिरफ्तार गऱ्यो। प्रहरी जवान चौरसिया विदामा घर आएका थिए। चैत २९ गते वीरगन्ज महानगरपालिका-९ मुर्लीस्थित फिरोज मियाको घरमा उनी गम्भीर घाइते अवस्थामा रहेको सूचना प्राप्त भएपछि प्रहरी टोली तत्कालै घटनास्थल पुगेको थियो। उनको शरीरको विभिन्न भागमा धारिलो हतियारले प्रहार गरी अत्यधिक रक्तश्राव भई गम्भीर घाइते अवस्थामा नारायणी अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए। प्रहरी अनुसन्धानमा हत्याको कारण आरोपित सन्तोषकी पत्नी सोनी र चौरसियाबीचको प्रेम सम्बन्ध रहेको प्रहरीले जानकारी दियो। शवको पोष्टमार्टम चैत ३० गते नारायणी अस्पताल वीरगन्ज भयो।

## बम विस्फोटबाट घाइते

**सप्तरी**

रुपनी गाउँपालिका-६ का १६ वर्षीय कबिर थापा मगर, १४ वर्षीय सुरज विक, १० वर्षीय साहस आले मगर र नौ वर्षीय देव थापा मगर ०८२ माघ २४ गते बिहान दुधौला खोलामा फेला परेको खेलौना खेलाउँदा विष्फोट भई घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले बताए । प्रहरीका अनुसार पिकनिकका क्रममा दाउरा खोज्दै गर्दा रकेट जस्तो देखिने खेलौना फेला परेको थियो। सो वस्तु चुलो नजिकै लगेपछि विस्फोट हुँदा दुवै हात र खुट्टामा चोट लागेको देव थापा मगरको शल्यक्रिया पश्चात आइसियुमा उपचार गरियो भने दाहिने हात, छाती र खुट्टामा चोट लागेको कविर थापा सोही दिन उपचारपछि डिस्चार्ज भए। ढाडमा चोट लागेका सुरज विक र दुवै खुट्टा तथा पिठ्युँमा चोट लागेका साहस आले मगरको छिन्नमस्ता अस्पताल राजविराजमा शल्यक्रिया गरी बमका छर्राहरु निकाल्ने प्रयास गरियो तर बमको छर्राहरु अझै शरिरमा बाँकी रहेको भनी डाक्टरले बताएपछि नेपाली सेनाले घाइतेलाई थप उपचारका लागि सुनसरी जिल्ला इटहरीमा रहेको सैनिक अस्पतालमा उपचार भएको थियो। विस्फोट भएको स्थान नजिकै रहेको सामुदायिक वनमा नेपाली सेना बरख गण राजविराजको अभ्यासस्थल रहेको प्रहरीको भनाइइ छ। नेपाली सेना ( राजविराजस्थित बरख गण) ले उक्त वस्तु आफ्नो नरहेको दावी गरिरहेकोले बरामद गरिएको विस्फोटक पदार्थको प्रयोगशाला परीक्षण गराई प्रतिवेदन पेश गर्न राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेश कार्यालयले ०८२ फागुन ११ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीलाई पत्राचार गरेको छ। प्रतिवेदन सम्बन्धमा जिल्ला प्रहरी कार्यालयले कुनै प्रतिक्रिया दिएको छैन।

**सिरहा**

सिरहा नगरपालिका-१ का २८ वर्षीय सौरभ यादव ०८२ फागुन २७ गते जिल्ला अदालत अगाडि रहेको अधिवक्ता मधुसुदनप्रसाद यादवले सञ्चालन गर्दै आएको मधेस ल फर्म नजिक बम विस्फोट हुँदा घाइते भए। सौरभ सो फर्मका कर्मचारी थिए। अनुसन्धानका क्रममा प्रहरीले चैत ६ गते लेखापढी व्यवसायी सुखिपुर नगरपालिका-३ का गुमस्ता यादवलाई गिरफ्तार गरेको

एसपी वासुदेव पाठकले बताए। जिल्ला अदालतको ०८३ वैशाख १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुना पठाउने आदेश दियो।

**धनुषा**

मिथिला नगरपालिका-९ बडहरीस्थित पुलमाथि ०८२ फागुन १९ राखिएको शंकास्पद वस्तु विस्फोट हुँदा सोही पालिका-८ जमुनीबासकी १५ वर्षीया बालिका आशा भुजेल र ८ वर्षीय बालक सुशील माझी सामान्य घाइते भए। प्रतिनिधिसभा निर्वाचन बहिष्कार अभियान सञ्चालन गरी बम विष्फोट गराएको आरोपमा क्रान्तिकारी कम्युनिस्ट पार्टी धनुषा जिल्ला अध्यक्ष नन्दन झा (नन्दु) र नेकपा बहुमत पार्टी धनुषा जिल्ला अध्यक्ष नागेन्द्र दासलाई फागुन २० गते जनकपुरधाम उपमहानगरपालिका-४ मुरली चोकबाट जिल्ला प्रहरी कार्यालय धनुषाले गिरफ्तार गऱ्यो। अनुसन्धान पश्चात आरोपितहरु निर्दोष पाइएपछि फागुन २० गते रिहा गरेको एसपी रुगम बहादुर कुँवरले बताए।

**महोत्तरी**

कैलाली जिल्ला घोडाघोडी नगरपालिका-१० का २५ वर्षीय सन्देश चौधरी र २२ वर्षीय समीर चौधरी ०८२ फागुन १९ गते बर्दिवासस्थित रातो पुलमाथि ०८२ फागुन १९ बेवारिसे अवस्थामा राखिएको शंकास्पद वस्तु विस्फोट हुँदा घाइते भए। दुई ओटा पोकामा शंकास्पद वस्तु राखिएको देखेपछि चलाउन खोज्दा विष्फोट भएपछि प्रहरीलाई खबर गरेको घाइतेले बताए। नेपाली सेनाको बम डिस्पोजल टोलीले शंकास्पद वस्तु निष्क्रिय पारेको थियो। घटनामा संलग्न क्रान्तिकारी कम्युनिस्ट पार्टी धनुषा जिल्ला अध्यक्ष नन्दु भनिने नन्दन झा  र नेकपा बहुमत पार्टी धनुषा जिल्ला अध्यक्ष नागेन्द्र दासलाई जिल्ला प्रहरी कार्यालय धनुषाले फागुन २० गते जनकपुरधाम उपमहानगरपालिका-४ मुरली चोकबाट गिरफ्तार गऱ्यो। अनुसन्धान पश्चात आरोपितहरु निर्दोष पाइएपछि फागुन २० गते रिहा गरेको एसपी रुगम बहादुर कुँवरले बताए।

## झडप

**रौतहट**

गौर नगरपालिका- ६ मा ०८२ फागुन ७ गते राति विवाहको लागि गएको जन्तीले बाजा बजाएको निहुँमा मुस्लिम समुदायले विरोध गरेपछि भएको विवादले उग्र रूप लिँदा दुवै पक्ष बीच फागुन ८ गते ढुङ्गामुढा प्रहार हुँदा गौर नगरपालिका- ६ सबगडा बस्ने ४५ वर्षीय सदीमा खातुन, ४१ वर्षीय भाग्यनारायण शाह, २० वर्षीय रवि शाह, २१ वर्षीय धरम वीर शाह, ४० वर्षीय कृत शाह, ४२ वर्षीय गजेन्द्र शाह, २७ वर्षीय राम प्रवेश शाह, १४ वर्षीय महम्मित मिया, १७ वर्षीय शेख सहित, २१ वर्षीय सेप सही आलमिया, ४२ वर्षीय महम्मद खुर्सेद र ५० वर्षीय हसीमा खातुन घाइते भए भने आन्दोलनकारीको ढुङ्गा प्रहारबाट प्रहरीतर्फ जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान रविन्द्र कुमार यादव, सशस्त्र प्रहरी जवान धर्मेन्द्र दास र प्रहरी जवान राजेश ठाकुरसमेत घाइते भए। घाइतेहरूको प्रादेशिक अस्पताल गौरमा उपचार भयो। जिल्ला सुरक्षा समिति रौतहटको निर्णयअनुसार ०८२ फागुन ९ गते दिउँसो १ बजेदेखि अर्को आदेश नभएसम्म गौर नगरपालिका अन्तरगत पूर्वमा मुडवलवा गेट, पश्चिमतर्फ ललवैया बाँध, उत्तरमा बम नहर र दक्षिणतर्फ गौर भन्सार कार्यालय गेटसम्मको क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको थियो। स्थिती सामान्य बन्दै गएपछि फागुन १० गते बिहान ८ बजेबाट कर्फ्यु हटाएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए।

## अपहरण

**सप्तरी**

सात वर्षीया बालिकालाई ०८२ फागुन ५ गते अपहरण गरी १ करोड रुपियाँ फरौती मागेको आरोपमा खड्क नगरपालिका-९ लालपट्टीका ३० वर्षीय ईम्तियाज अहमदविरुद्ध पीडित पक्षले फागुन ७ गते इलाका प्रहरी कार्यालय कल्याणपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन ७ गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितिलाई फागुन ७ गते गिरफ्तार गऱ्यो। बालिकाको परिवारलाई फोन गरी फिरौती माग गरेपछि इलाका प्रहरी कार्यालय कल्याणपुरबाट प्रहरी निरीक्षक संजीव बोगटी र प्रहरी चौकी बिसनपुरबाट प्रहरी सहायक निरीक्षक हरेन्द्रप्रसाद यादवको कमाण्डमा खटिएको टोलीले रुपनी गाउँपालिका-१ बाट अहमदलाई गिरफ्तार गरी बालिकाको सकुशल उद्धार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी गौतमकुमार केसीले बताए। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिलको कार्यालयमार्फत ०८२ चैत २ गते जिल्ला अदालतमा अपहरण शरीर बन्धक तथा मानव ओसारपसार सम्बन्धी कसुरमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश मोहन बहादुर अधिकारीको चैत ३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा चालु अवस्थामा रहेको अदालतका स्रेस्तेदार श्यामहरि अधिकारीले जानकारी दिए।

## गिरफ्तार

### सप्तरी

सप्तरी निर्वाचन क्षेत्र नम्बर २ महदेवा गाउँपालिका-५ भगवतपुर चोकमा नेकपा एमालेको चुनावी प्रचारप्रसारका लागि डोरीमा बाँधेर झुण्ड्याइएको झण्डामा ०८२ फागुन ७ गते राति आगो लगाएको आरोपमा प्रहरीले सोही ठाँउ बस्ने निर्वाचन प्रहरीमा कार्यरत २५ वर्षीय हरिनारायण मण्डललाई फागुन ८ गते गिरफ्तार गऱ्यो। मण्डलविरुद्ध "निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालन सम्बन्धी एकीकृत (नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि, २०८२" को परिच्छेद ४ को दफा १२ (छ) बमोजिम कसुर कायम भएको भन्दै नियुक्ति रद्द गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी डम्बरबहादुर पुरीले बताए। मण्डल स्वाभिमान पार्टीको समर्थक रहेको प्रहरीले बतायो। प्रहरीले आरोपितविरुद्ध जिल्ला प्रशासन कार्यालयमा फागुन ११ गते हुलदङ्गा गर्न दुरुत्साहन दिएको कसुरमा मुद्दा दर्ता गऱ्यो। फागुन १७ गते मण्डललाई ५ हजार रुपियाँ धरौटीमा रिहा गरेको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले बताए।

### सिरहा

प्रतिनिधिसभा निर्वाचन सिरहा क्षेत्र नं. ३ अन्तरगत जनता समाजवादी पार्टी (जसपा) नेपाल उम्मेदवार अशेश्वर यादवसहित पाँच जनालाई मौनअवधिको समय ४ लाख ८७ हजार रुपियाँ नगद तथा मतपत्रसहित प्रहरीले फागुन १९ गते गिरफ्तार गऱ्यो। राति करिब १२:३० बजे नेपाल-भारत सीमास्थित माडरबाट सिरहा सदरमुकामतर्फ आउँदै गरेको प्र. २-०२-००१ च ०८७ नम्बरको स्कारपियो गाडीलाई शिवचोकमा चेकजाँच गर्ने क्रममा प्रहरीले गाडी पनि नियन्त्रणमा लियो। जिल्ला निर्वाचन कार्यालयले फागुन २० गते तीन दिनभित्र स्पष्टिकरण दिने सर्तमा अशेश्वर यादवसहित पाँच जनालाई रिहा गरेको प्रहरीले बतायो।

### धनुषा

निर्वाचन आचारसंहिता लागु रहेको अवस्थामा अनुमति नलिइ जनकपुरधाम उपमहानगरपालिका-१ सीताचोकस्थितमा बीबीसीले निर्माण गरेको 'जेनजी आन्दोलन' सम्बन्धी डकुमेन्ट्री प्रसारण गरिरहेको अवस्थामा २०८२ फागुन १६ गते भारतीय नम्बर प्लेटको बी.आर ०१ जी ०१४६७ गाडीसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ता २७ वर्षीय विकास जयसवाललाई गिरफ्तार गऱ्यो। घटनाबारे सोधपुछ गरी फागुन १७ गते हाजिरी जमानीमा रिहा गरेको एसपी रुगम बहादुर कुँवरले बताए।

### रौतहट

जन्तीले बाजा बजाएको निहुँमा गौर नगरपालिका-६ स्थित मुस्लिम समुदायले अवरोध खडा गरेपछि भएको विवादले दुवै पक्ष बीच ०८२ फागुन ८ गते उग्ररूप लिँदा जिल्ला प्रशासन कार्यालय गौरले जिल्ला सुरक्षा समिति रौतहटको निर्णयअनुसार फागुन ९ गते जारी गरेको कर्फ्यु आदेश अवज्ञा गरेको आरोपमा प्रहरीले गौर नगरपालिका- ७ बस्ने ३२ वर्षीय दीपलाल पासवान, ५० वर्षीय शेख अलियास, २८ वर्षीय शेख अर्मान, २२ वर्षी रहमत् उल्लाह, ४५ वर्षीय मैरुद्दिन, २३ वर्षीय अब्दुलर रहमान, १८ वर्षे शेख निराले र राजदेवी नगरपालिका-४ बस्ने २८ वर्षीय ललन शाहलाई गिरफ्तार गऱ्यो। फागुन ९ गते बिहानैदेखि दुवै पक्षले टायर बालेर विरोध प्रदर्शन गर्नुका साथै दुईवटा मोटरसाइकल र एकओटा स्कार्पियो जलाएर सडकमा अवरोध गरेका थिए। उक्त घटनाको सम्बन्धमा फागुन ८ गते स्थानीय जनप्रतिनिधि समेतको सहभागितामा ६ बुँदे सहमतिपछि उत्पन्न परिस्थितिलाई मध्यनजर गर्दै धार्मिक, सामाजिक र सांस्कृतिक विविधता बीचको एकता, शान्ति र सद्भाव कायम गर्नुका साथै स्थानीय नागरिककै जनधनको क्षति नहोस् भनेर कर्फ्यु जारी गरिएको जिल्ला प्रशासन कार्यालय गौरका प्रमुख दिनेश सागर भुसालले बताए। फागुन ११ गते सर्वदलीय बैठक बसेसँगै राजनीतिक पार्टी तथा नागरिक समाजसहितको सहभागितामा शान्ति तथा सद्भाव कायम गर्ने उद्देश्यले सद्भाव ऱ्याली निकालियो। गिरफ्तारी गरिएकाहरुलाई फागुन १७ गते रिहा गरिएको प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए।

## कुटपिट/धम्की

### अन्यपक्षबाट

### सप्तरी

तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुला टोलका ३२ वर्षीय लाल देव रायलाई ०८२ फागुन ५ गते कुटपिट गरेको आरोपमा सोही ठाउँका ६० वर्षीय किसन राय, ४५ वर्षीय रामकुमार राय र ४२ वर्षीय रामबाबु रायविरुद्ध पीडितले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रतिनिधि सभा सप्तरी निर्वाचन क्षेत्र नम्बर २ मा चुनावी प्रचारका क्रममा फागुन ५ गते स्वाभिमान पार्टीका समर्थक उमेश रायले आफ्नो घरमा बोलाई स्वाभिमान पार्टीलाई समर्थन गर्न आग्रह

गरेका थिए। आफूले रास्वपाको समर्थन गर्दै 'जय घण्टी'को नारा लगाए लगत्तै आरोपितहरुले मुक्का, लात्ती तथा हातखुट्टाले निर्घात कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट घाइते भएका रायको छिन्नमस्ता अस्पताल राजविराजमा उपचार भयो। फागुन ९ गते दुवै पक्षबीच छलफल भई अस्पताललाई २५ हजार रुपियाँ उपचार खर्च दिने सहमति भयो।

**सिरहा**

सिरहा नगरपालिका-१५ घर भइ सोही कार्यालयका सहयोगी ४८ वर्षीय रामशरण यादवलाई ०८२ चैत २३ गते कुटपिट गरेको आरोपमा सोही नगरपालिकाका प्रमुख डाक्टर नविनकुमार यादवविरुद्ध पीडितले चैत २३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। सिरहा नगरपालिका- २० मा दरबन्दी भएका रामशरणले सिरहा नगरपालिकाको कार्यालयमा चैत २३ गते हाजिर गर्न खोज्दा प्रमुखले कुटपिट गरेको आरोप लगाए। कुटपिटबाट घाइते भएका यादवको प्रादेशिक अस्पताल सिरहामा सामान्य उपचार पश्चात थप उपचार बिराटनगर भयो। घटनाको विरोधमा चैत्र २३ गते नगरपालिकामा कार्यरत कर्मचारीहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र सहित नगर प्रमुखलाई कार्वाहीको लागि अभद्र व्यवहारको उजुरी समेत दिए। जिल्ला प्रहरी कार्यालयमा उजुरी पठाई अनुसंधान प्रकृया अगाडी बढाउन प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल निर्देशन दिए। जिल्ला अदालतको आदेशमा नगर प्रमुख यादव ०८३ बैशाख ११ गते ४० हजार धरौटीमा रिहा भए।

**धनुषा**

धनौजी गाउँपालिका-३ बस्ने राष्ट्रिय स्वतन्त्र पार्टी धनौजी गाउँपालिकाका सभापति ४५ वर्षीय शम्भु शाहमाथि ०८२ फागुन ११ गते बिहान घर नजिकैको सेलुनबाट दारी काटेर निस्किने क्रममा सोही ठाउँका ३५ वर्षीय तनवीर साफी, २५ वर्षीय सरिफ साफी र ३० वर्षीय फिरोज साफीले कुटपिट गरे। कुटपिटबाट घाइते भएका शाहको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। घटनाबारे धनौजी प्रहरी चौकीका असई शिवसिंह राजपुतले आरोपितहरूलाई चौकीमा बोलाएर घटनाबारे बुझ्दा पुरानो पैसा लेनदेनको विषयलाई लिएर सामान्य भनाभन मात्र भएको बताए।

**महोत्तरी**

प्रतिनिधिसभा निर्वाचन महोत्तरी क्षेत्र नं. ३ का स्वतन्त्र उम्मेदवार राम आधार कापरमाथि ०८२ फागुन २० गते राती एकडारा गाउँपालिकामा आएको बेलामाआक्रमण हुँदा उनको छाती, टाउको, हात लगायत शरीरका अन्य भागमा चोट लागि घाइते भए। उनको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भयो। रास्वपाका कार्यकर्ताहरुले अचानक आक्रमण गरेको कापरका सहयोगी घनश्याम भगतले बताए पनि सो बारे यकिन हुन नसकेको डिएपी शैलेन्द्र भट्टले जानकारी दिए।

**सर्लाही**

सर्लाही क्षेत्र नं. ३ का प्रतिनिधिसभा निर्वाचनका लागि जनता समाजवादी पार्टी, नेपाल (जसपा) बाट उम्मेदवारी दिएका डा. जेपी यादवमाथि दुर्व्यवहार र धम्की दिएको आरोपमा बागमती नगरपालिका-४ का ३७ वर्षीय प्रसान्त वाइवालाई प्रहरीले ०८२ फागुन ८ गते गिरफ्तार गऱ्यो। बागमती नगरपालिका-३ स्थित बागमती पुल नजिकै रहेको एक होटलमा उम्मेदवारलाई माओवादी निकट कार्यकर्ता वाइवाले अपमानजनक शब्द प्रयोग गर्दै "मधेशीहरू बीस-तीस रुपियाँको खान्छन्, यहाँबाट भाग" भन्दै "मधेशीहरूको औकात कौडिको छ" भनेर जातीय रूपमा होच्याउदै धम्कि दिएको जसपाका कार्यकर्ता दिपक कार्कीले बताए। दुवै पक्षबिच फागुन १० गते सहमती गरी आरोपित रिहा भएको डिएसपी सरोज राईले जानकारी दिए।

कविलासी नगरपालिका-६ जमुनियाका जनमत पार्टी कार्यकर्ता ३४ वर्षीय रुपेश मण्डलमाथि घरमा बसेको अवस्थामा हरिवन नगरपालिका-५ नयारोडका २९ वर्षीय राजेश राम र २२ वर्षीय दिनेश रामले ०८२ फागुन १० गते धारिलो हतियार प्रहार गरी घाइते बनाए। घाइते मण्डलको प्रादेशिक अस्पताल मलङ्वामा उपचार भयो। आरोपितहरु फरार रहेको हुँदा खोजतलास भइरहेको र सो घटना सम्बन्धमा अनुसन्धान अघि बढाएको डिएसपी सरोज राईले बताए।

चक्रघटा गाउँपालिका-९ का १९ वर्षीय प्रमित कुमार यादवलाई ०८२ फागुन २९ गते कबिलासी नगरपालिका-१० सलेमपुर स्थित चमेलिमाई मन्दिर नजिकै रहेको फन पार्कमा नाङ्गै बनाएर सामूहिक कुटपिट गरेको भन्दै प्रहरीले रोहित कुमार यादवलाई चैत २ गते गिरफ्तार गऱ्यो। सामाजिक सञ्जाल टिकटकमा भएको गालिगलौजको विषयलाई लिएर फागुन २३ गते कुटपिट गरेको पीडितले बताए। पीडितले आरोपितहरु विरुद्ध फागुन १९ गते जिल्ला प्रहरी कार्यालय सर्लाहीमा उजुरी दिए। दाहिने हात र टाउकोमा गम्भीर चोट लागी घाइते भएका प्रमितको सर्लाही अस्पताल मलंगवामा प्राथमिक उपचार पछि थप उपचार वीरगंजमा भयो। घटनामा संलग्न अन्य

आरोपितहरुको खोजतलास भइरहेको इन्स्पेक्टर विन्देश्वर यादवले बताए।

**रौतहट**

आम जनता पार्टीका समानुपातिक उम्मेदवार लालबाबु मन्सुरी रौतहट क्षेत्र नं ३ स्थित गुजरा नगरपालिका -६ बेदौउली गाउँमा चुनावी प्रचार प्रसारको क्रममा ०८२ फागुन १९ आक्रमण हुँदा घाइते भए। घाइते मन्सुरीको सिन्स अस्पताल चन्द्रनिगाहपुरमा उपचार भयो। आक्रमण गर्नेहरूमा जसपा र रास्वपाका स्थानीय कार्यकर्ता रहेको उम्मेदवार मन्सुरीले बताए। आरोपितहरुको पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दियो।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ रौतहटका स्वतन्त्र उम्मेदवार प्रभा सिंह ०८२ फागुन १८ गते साँझ चुनावी प्रचारप्रसारको क्रममा गौर नगरपालिका- ३ स्थित बीपीचोकमा एमालेका कार्यकर्ताहरुले आक्रमण गर्दा घाइते भइन्। सिंहको टाउकोमा चोट लाग्यो भने हात भाँचियो। उनको प्रादेशिक अस्पताल गौरमा उपचार भयो। आरोपितहरुको पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालयका डिएसपी विष्णु प्रदीप बस्यालले बताए।

चन्द्रपुर नगरपालिका -२ उप्रेती टोल बस्ने एमालेका नेता ४३ वर्षीय टेकनाथ उप्रेतीलाई ०८२ फागुन १९ गते राति घर बाहिर बोलाएर कुटपिट गरेको आरोपमा सोही वडा नयाबस्तीका २५ वर्षीय विजय थिङ्गविरुद्ध पीडितले फागुन २० इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिए। आरोपितहरु फरार रहेकोले खोजतलास भइरहेको डिएसपी रुपा लाबुङ्गले बताइन्।

**पर्सा**

वीरगन्ज महानगरपालिका-१० आदर्शनगरस्थित मदन प्रसाद गुप्ताको दुर्गा रोड कैरियर्सको गोदाममा छापा मार्न वीरगन्ज भंसारका कर्मचारी सहित खटेका सशस्त्र प्रहरी बल गण नं. १३ कासशस्त्र प्रहरी सहायक निरिक्षक ३५ वर्षीय महमद मुस्ताक अली,सशस्त्र प्रहरी हवल्दार ३३ वर्षीय जितेन्द्र प्रसाद सहनी रसशस्त्र प्रहरी सहायक हवल्दार ३२ वर्षीय जितेन्द पासवानलाई ०८२ माघ २६ गते कुटपिट गरेको आरोपमा कैरियर्सका सञ्चाल मदन प्रसाद गुप्तासहित वीरगंज महानगरपालिका-१० घडिअर्वाका ४६ वर्षीय प्रमोद कुमार कानु, २० वर्षीय कुन्जन सर्राफ, सोही महानगरपालिका-११ छप्कैयाका ३८ वर्षीय दीपराज सहनी मलाह, विन्दवासिनी गाउँपालिका-५ का ५५ वर्षीय श्रीचन्द्रप्रसाद साह, रक्सौल बिहारका ४० वर्षीय प्रभु महतो, भागलपुर पोडियाका ३५ वर्षीय प्रितमकुमार चौधरीविरुद्ध पीडितहरुले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितहरुलाई माघ २६ गते गिरफ्तार गरेको प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताए। घाइतेहरुको नारायणी अस्पताल वीरगंजमा उपचार भयो। उक्त समूहले बा.प्र. एफ ४४०१२५ वान टन र ना १ भ १५३१ नम्बरको स्कारपियो गाडीमा तोडफोड गरी क्षति पुर्‍याएका थिए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा फागुन १७ गते मुद्दा दर्ता गर्‍यो। अदालतको फागुन १७ गतेको इजलासले आरोपित मध्ये दिपराज र विक्कीलाई ३ लाख तथा कुन्जन र श्रीचन्द्रलाई १ लाख ५० हजार, फागुन २९ गतेको इजलासले दिनेश, रंजितलाई ३ लाख, चैत १२ गतेको इजलासले मुकेशलाई ३ लाख, विक्कीलाई १ लाख र चैत २३ गतेको इजलासले मदनलाई ५ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अन्य आरोपित सोनु गुप्ता, सोनु कलवार र लालबाबु गुप्ता अझै फरार रहेका छन्।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ का पिपुल फष्ट पार्टीबाट उमेद्वार रहेका वीरगन्ज महानगरपालिका- १४ बहुअरीका ३५ वर्षीय जावेद एकवाल हैदरसहित उनका भाई २७ वर्षीय मोहसिन हैदर र भान्जा १५ वर्षीय मोहद कमरमाथि ०८२ फागुन ३ गते एमालेका उमेद्वार प्रदिप यादवका समर्थकले आक्रमण गरी घाइते बनाए। घाइतेहरुको वीरगन्ज हेल्थ केयर हस्पिटलमा उपचार भएको प्रहरी नायव उपरिक्षक हरिबहादुर बस्नेतले बताए। पीडितले उजुरी नदिएको प्रहरीले बतायो।

**बाल अधिकार**

**हत्या**

**सप्तरी**

खडक नगरपालिका-९ लालपट्टीका १४ वर्षीय धर्मेन्द्रकुमार साह ०८२ चैत ७ गते दिउँसो खडक नगरपालिका-७ कल्याणपुरस्थित फुलेश्वर पब्लिक इङ्लिस बोर्डिङ स्कुलको होस्टलभित्र कोठाको फलामे भेन्टिलेसनमा झुन्डिएको अवस्थामा फेला परे। घटना शंकास्पद भएको भन्दै मृतकका बुबा तिलाई साह तेलीले खडक नगरपालिका-१० का विद्यालय सञ्चालक ४९ वर्षीय धीरेन्द्रप्रसाद चौधरी, सिरहाको लहान नगरपालिका-२० का ४१ वर्षीय भोला मण्डल, ४५ वर्षीया शोभा चौधरी र २४ वर्षीया रविना चौधरीविरुद्ध इलाका प्रहरी कार्यालय कल्याणपुरमा चैत १८ गते उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी डम्बरबहादुर पुरीले बताए।

प्रहरीले आरोपितहरु मध्ये धीरेन्द्रप्रसाद र भोलालाई चैत १८ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम चैत ८ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। अन्य आरोपितहरु फरार रहेकाले खोजतलास भइरहेको प्रहरीले बतायो।

### अपहरण

**सप्तरी**

१४ वर्षीया बालिकालाई बेपत्ता पारेको भन्दै ०८२ चैत ४ गते सुरुङ्गा नगरपालिका-३ लक्ष्मीपुरका ४५ वर्षीय महेश्वरप्रसाद यादव, २१ वर्षीय कुन्दन यादव र ३० वर्षीय धर्मदेव यादवविरुद्ध पीडितकी भाउजु रीता देवी सदाले इलाका प्रहरी कार्यालय कडरबोनामा उजुरी दिएन्। पीडित परिवारका अनुसार बालिका ७ वर्षदेखि महेश्वर प्रसाद यादवको घरमा घरेलु कामदारका रूपमा बस्दै आएकी थिइन्। होलीमा घर आएको समय बालिकामा शारीरिक परिवर्तन देखिएपछि जाँच गर्दा तीन महिनाकी गर्भवती रहेको पाइएको हो। चैत ३ गतेदेखि आरोपित महेश्वर पीडितलाई लिएर सम्पर्कबाहिर रहेका थिए। बालिकासहित उनकी दिदीहरु चैत १३ गते प्रहरीको सम्पर्कमा आए। बालिकाका दिदीका अनुसार महेश्वरले बहिनी गर्भपतन गराएर सिकिस्त बिरामी रहेको भन्दै फोन गरेर सिरहाको लहान बोलाइ धम्क्याउँदै बिहारको जोकही पुऱ्याएर तीनै जना दिदीबहिनीलाई बन्धक बनाएर राखेको बताइन्। बालिकालाई सेफ हाउसमा सुरक्षित राखिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी डम्बरबहादुर पुरीले बताए। आरोपित फरार रहेको हुँदा खोजतलास भइरहेको प्रहरीले बतायो।

**महोत्तरी**

१५ वर्षीया बालिकालाई ०८२ फागुन ३० गते अपहरण गरेको आरोपमा बर्दिवास नगरपालिका-१२ विजलपुराका २२ वर्षीय गणेश कापरविरुद्ध पीडितपक्षले चैत ९ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दियो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपि शैलेन्द्र भट्टले बताए।

### कुटपिट

**धनुषा**

हंसपुर नगरपालिका -६ का १३ वर्षीय आदित्य कुमार यादवलाई २०८२ माघ ८ गते घर नजिकै रहेको खेलकुद मैदानमा खेलिरहेको समय कुटपिट गरेको आरोपमा सोही ठाउँका २५ वर्षीय सञ्जय साहविरुद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालय धनुषा अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दियो। कुटपिटबाट घाइते भएका आदित्यको उपचार जानकी हेल्थ केयर जनकपुरधाममा भयो। हालसम्म आरोपित साह फरार रहेको खोजतलास भइरहेको प्रहरी जवान सन्तोष यादवले बताए।

**बाल अधिकारविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी – मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | १२ |
| यौन दुर्व्यवहार | ११ |
| अपहरण | ३ |
| साइबर अपराध | ७ |
| बेचबिखन तथा ओसारपसार | २ |
| जम्मा | ३५ |

### बेचबिखन तथा ओसारपसार प्रयास

**सर्लाही**

१४ वर्षीय बालकलाई ०८२ चैत ११ गते बेचबिखन प्रयास गरेको आरोपमा हरिपुर्वा नगरपालिका-६ का ३३ वर्षीय दिपेन्द्र कुमार यादवविरुद्ध पीडित पक्षले चैत २५ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजरी दियो। आरोपित यादवले रोजगारीको प्रलोभन देखाई भारतको विहार राज्य पटनास्थित मुझफ्फरपुरमा लग्दै गर्दा प्रहरी चौकी कार्यालय सग्रामपुर अन्तरगत नेपाल भारत सिमामा खटिएका प्रहरी टोलीले आरोपितलाई सोधपुछ गर्न खोज्दा बालकलाई छाडेर भारततर्फ नै फरार भएका थिए।

बालकको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल मलंगवामा गरी परिवारको जिम्मा लगाएको इन्स्पेक्टर विन्देश्वर यादवले बताए।

### बलात्कार, यौन दुर्व्यवहार

**सप्तरी**

११ वर्षीया बालिकालाई ०८२ फागुन २६ गते यौन दुर्व्यवहार गरेको आरोपमा हनुमाननगर कंकालिनी नगरपालिका-९ हनुमान बजारका ६८ वर्षीय गणेशी मल्ल शारदाविरुद्ध पीडित पक्षले फागुन २७ गते इलाका प्रहरी कार्यालय हनुमाननगरमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २७ गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। घटनापछि आरोपित फरार रहेको हुँदा खोजतलास भइरहेको प्रहरी वरिष्ठ नायव निरीक्षक मुकुन्द बिष्टले बताए।

१४ वर्षीया बालिकालाई ०८२ चैत ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा शम्भुनाथ नगरपालिका-११ का ३५ वर्षीय सुनिल कुमार यादवविरुद्ध पीडित पक्षले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। आरोपितहरु फरार रहेको हुँदा खोजतलास भइरहेको प्रहरीले बतायो।

**सिरहा**

१७ वर्षीया बालिकालाई ०८२ पुस ३० गते बलात्कार गरेको आरोपमा सिरहा नगरपालिका-१२ का २५ वर्षीय बाले मण्डलविरुद्ध पीडित परिवारले माघ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ १३ गते प्रादेशिक अस्पताल सिरहामा भयो। प्रहरीले आरोपितलाई माघ १५ गते गिरफतार गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुना पठाएको एसपी वासुदेव पाठकले बताए।

१४ वर्षीया बालिकालाई ०८२ पुस २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा औरही गाउँपालिका-२ का ३७ वर्षीय मकेश्वर यादवविरुद्ध पीडित परिवारले पुस २८ गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण पुस २८ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफतार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २१ गते सिरहा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २१ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटी माग गरेको सहायक जिल्ला न्यायाधिवक्ता विद्यानन्द साहले बताए ।

१७ वर्षीया बालिकालाई ०८२ माघ १४ गते बलात्कार गरेको आरोपमा अर्नमा गाउँपालिका-५ का २० वर्षीय संजित यादवविरुद्ध पीडित पक्षले माघ १६ गते जिल्ला प्रहरी कार्यालय उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ १६ गते प्रादेशिक अस्पताल सिरहामा भयो। घटनापछि आरोपित फरार रहेकोले खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी रमेशबहादुर पालले बताए।

१२ वर्षीया बालिकालाई ०८२ माघ १० गते यौन दुर्व्यवहार गरेको आरोपमा कर्जन्हा नगरपालिका-२ का ७२ वर्षीय मोहन श्रेष्ठविरुद्ध पीडित परिवारले माघ १२ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ १२ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपितलाई प्रहरीले माघ १२ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश डा. श्रीप्रकाश उप्रेतीको फागुन ४ गतेको इजलासले आरोपितसँग ५० हजार रुपियाँ धरौटी माग गऱ्यो।

**धनुषा**

१३ वर्षीया बालिकालाई ०८२ माघ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-११ स्थित श्री सकल भवन कन्या माध्यमिक विद्यालयका शिक्षक ३५ वर्षीय शम्भुनाथ ठाकुरविरुद्ध पीडित पक्षले फागुन १ गते उपमहानगरपालिका अन्तरगत न्यायिक समितिमा उजुरी दिए। घटना सम्बन्धमा अनुसन्धानको अवधिसम्म शिक्षकलाई विद्यालयबाट निलम्बन गरिएको प्रधानाध्यापक कृष्णलाल कर्णले बताए। आरोपित शिक्षकलाई फागुन ४ गते जनकपुरधाम उपमहानगरपालिका-१९ श्रीपुरस्थित शिवपुर माध्यमिक विद्यालयमा सरुवा गरी पठाइएको नगर उपप्रमुख किशोरी शाहले बताए।

१४ वर्षीया बालिकालाई ०८२ चैत १ गते बलात्कार गरेको आरोपमा लक्ष्मीनिया गाउँपालिका- १ का २३ वर्षीय बिमलेश यादवविरुद्ध पीडित पक्षले चैत ३ गते लक्ष्मीनिया प्रहरी चौकीमा उजुरी दियो। बालिकको स्वास्थ्य परीक्षण चैत ३ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको सइ मनोज रायले बताए।

१५ वर्षीया बालिकालाई ०८२ फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१५ का २५ वर्षीय राजेश शाहविरुद्ध

पीडित पक्षले फागुन ५ गते वडा प्रहरी कार्यालय मुजेलियामा उजुरी दियो। आरोपित फरार रहेकोले खोजीकार्य भइरहेको असई सिकेन्द्र पाण्डेले बताए।

१५ वर्षीया बालिकालाई ०८२ फागुन २८ गते पढाइमा सहयोग गर्ने बहाना बनाउँदै एकान्त स्थानमा बोलाइ यौन दुर्व्यवहार गरेको आरोपमा लक्ष्मीनिया गाउँपालिकाका-४ का २० वर्षीय नगेन्द्र झाविरुद्ध पीडित पक्षले चैत १ गते लक्ष्मीनिया प्रहरी चौकीमा उजुरी दियो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको असई मनोज रायले बताए।

१७ वर्षीया बालिकालाई २०८२ फागुन ९ गते साँझ बलात्कार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका -४ का १९ वर्षीय अखिलेश यादवविरुद्ध पीडित पक्षले फागुन १२ गते जिरो माइल प्रहरी चौकीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ हवल्दार रामचन्द्र मण्डलले बताए।

१० वर्षीया बलिकालाई ०८२ चैत १२ गते बलात्कार गरेको आरोपमा बटेश्वर गाउँपालिका-५ का ५० वर्षीय उपेन्द्र सिंह दनुवारविरुद्ध पीडित पक्षले चैत १५ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १४ गते प्रादेशिक अस्पताल जनकपुरधाम भयो। प्रहरीले आरोपितलाई चैत १४ गते गिरफ्तार गऱ्यो।

**महोत्तरी**

१७ वर्षीया बालिकालाई ०८२ चैत १० गते यौन दुर्व्यवहार गरेको आरोपमा एकडारा गाउँपालिका-३ भटौलियाका २२ वर्षीय अशोक सदा, २१ वर्षीय शिव कुमार सदा, २२ वर्षीय निरज सदा र २१ वर्षीय राकेश सदाविरुद्ध पीडित पक्षले चैत १५ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण चैत १५ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपि शैलेन्द्र भट्टले बताए।

१६ वर्षीया बालिकालाई ०८२ चैत १० गते बलात्कार गरेको आरोपमा एकडारा गाउँपालिका -३ का १९ वर्षीय अशोक सदाविरुद्ध पीडितपक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दियो। आरोपितलाई चैत १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १२ गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो।

**सर्लाही**

१५ वर्षीया बालिकालाई ०८२ पुस २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा मलंगवा नगरपालिका-७ मुसैलीका २८ वर्षीय मोहमद दिल हुसैन मिकरानीविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ११ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ ७ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। जिल्ला अदालतको चैत १९ गतेको इजलासले आरोपितसँग ५० हजार रुपियाँ धरौटी माग गरेको श्रेस्तेदार ज्ञान बहादुर खत्रीले जानकारी दिए।

१६ वर्षीया बालिकालाई ०८२ फागुन २४ गते यौन दुर्व्यबहार गरेको आरोपमा हरिपुर नगरपालिका-७ चिताइनका २३ वर्षीय रवि कुमार चौधरीविरुद्ध पीडित पक्षले चैत ८ गते इलाका प्रहरी कार्यालय हरिपुरमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत ६ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय हरिपुरका ईन्स्पेक्टर शिव कटेलले जानकारी दिए।

**रौतहट**

१२ वर्षीया बालिकालाई ०८२ फागुन ३० गते यौन दुर्व्यवहार गरेको आरोपमा चन्द्रपुर नगरपालिका -१ का १९ वर्षीय जितेश वाइवाविरुद्ध पीडित पक्षले चैत १ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका डीएसपी रूपा लाबुङले बताइन्।

११ वर्षीया बालिकालाई ०८२ माघ २ गते बलात्कार गरेको आरोपमा इशनाथ नगरपालिका -६ बस्ने २८ वर्षीय असलम अन्सारीविरुद्ध पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालय उजुरी दियो। पीडितको स्वाथ्य परीक्षण फागुन २ गते प्रादेशिक अस्पताल गौरमा भयो। आोपित हालसम्म फरार रहेकोले खोजतलास भइहेको डीएसपी विष्णु प्रसाद बस्यालले जानकारी दिए।

१३ वर्षीया बालिकालाई ०८२ माघ २३ गते यौन दुर्व्यवहार गरेको भन्दै पहिचान नखुलेका व्यक्तिहरुविरुद्ध पीडित पक्षले माघ २३ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते प्रादेशिक अस्पताल गौरमा भयो। घटना पश्चात आरोपितको पहिचान हुन नसकेको भन्दै अनुसन्धान गरिरहेको डिएसपी विष्णु प्रसाद बस्यालले बताए।

**बारा**

१४ वर्षीया बालिकालाई ०८२ पुस १९ गते बलात्कार गरेको आरोपमा जितपुर सिमरा उपमहानगरपालिका-७ मदरसाटोल बस्ने ५० वर्षीय रसुल मिया धुनिया र २२ वर्षीय अतिसुसेन मिया धुनियाविरुद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण पुस २१ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपी बिजय पण्डितले बताए।

१० वर्षीया बालिकालाई ०८२ पुस ८ गते बलात्कार गरेको आरोपमा कलैया उपमहानगरपालिका-१४ मदवन बस्ने ४७ वर्षी जबाहिरप्रसाद यादवविरुद्ध पीडित पक्षले पुस ८ गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण पुस १८ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपी विजय पण्डितले बताए।

४ वर्षीया बालिकालाई ०८२ पुस २७ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरुद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २८ गते गिरफ्तार गर्‍यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २८ गते प्रादेशिक अस्पताल कलैयामा भयो। जिल्ला अदालतको माघ १५ गतेको इजलासले आरोपितलाई बाल सुधार गृह वीरगञ्जमा पठाइएको श्रेस्तेदार राजकुमार दाहालले बताए।

१४ वर्षीया बालिकालाई ०८२ माघ १२ गते बलात्कार गरेको आरोपमा जितपुर सिमरा उपमहानगरपालिका-२० बसडिन्वा बस्ने २६ वर्षीय रविन्द्र यादवविरुद्ध पीडित पक्षले माघ १२ गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १२ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित हालसम्म पनि फरार रहेकोले खोजतलास भइरहेको डिएसपी विजय पण्डितले बताए।

**पर्सा**

१७ वर्षीया बालिकालाई ०८२ फागुन २४ गते बलात्कार गरेको आरोपमा वीरगंज महानगरपालिका-१५ भेडियाही बस्ने ५० वर्षीय भुटन साह भन्ने रामजनम साहविरुद्ध पीडित पक्षले फागुन २४ गते वडा प्रहरी कार्यालय श्रीपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २४ गते गिरफ्तार गर्‍यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन २४ गते नारायणी अस्पताल वीरगन्जमा भयो। घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले बतायो।

## साइबर अपराध

**धनुषा**

१६ वर्षीया बालिकाको ०८२ माघ ५ गते तस्बिर तथा भिडियो दुरुपयोग गरी टिकटकलगायत सामाजिक सञ्जाल अपलोड गरी चरित्र हत्या गरेको आरोपमा जनकनन्दनी गाउँपालिका-५ का २६ वर्षीय राम जीवन सिंहविरुद्ध पीडित पक्षले माघ २३ गते धनुषा जिल्ला अदालतमा सामाजिक सञ्जाल दुरुपयोगसम्बन्धी मुद्दा दर्ता गराए। आरोपित फरार रहेकाले खोतलास भइरहेको इलाका प्रहरी कार्यालय खौजुरीका वरिष्ठ सइ प्रकाश थापाले बताए।

१६ वर्षीया बालिकामाथि ०८२ फागुन २ गते टिकटक लाइभमार्फत अपमानजनक अभिव्यक्ति दिएको आरोपमा मिथिला नगरपालिका-१ का २२ वर्षीय विकास यादवविरुद्ध पीडित पक्षले फागुन ५ गते इलाका प्रहरी कार्यालय ढल्केवरमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १३ गते गिरफ्तार गरी थप अनुसन्धान भइरहेको इन्स्पेक्टर लक्ष्मण केसीले बताए।

१७ वर्षीया बालिकासँग प्रेम सम्बन्धबाट अलग हुँदा गोप्य तस्वीर ०८२ माघ ९ गते टिकटकमा अपलोड गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका- ८ का २१ वर्षीय निरज शाहविरुद्ध पीडितले माघ ११ गते बलवा प्रहरी चौकीमा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ हवलदार रामचन्द्र मण्डलले बताए।

१७ वर्षीया बालिकालाई जनकनन्दिनी गाउँपालिका- ५ का २४ वर्षीय दीपक सिंह राजपूतले ०८२ चैत ५ गते ह्वाट्स एपमा फोन गरी म विदेशमा बस्छु मसँग विवाह गर्नु भनी मेसेज पठाएर यौन प्रस्ताव समेत राखेको भन्दै पीडित पक्षले चैत १२ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दियो। उजुरी सम्बन्धमा अनुसन्धान भइरहेको वरिष्ठ हवल्दार सन्तोष चौधरीले बताए।

१५ वर्षीया बालिकाको अनुमति बिना ०८२ माघ २४ गते फेक आइडी बनाई तस्बिरहरू अपलोड गरेको आरोपमा पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दियो। सो आइडीबारे अनुसन्धान भइरहेको वरिष्ठ सई सन्तोष चौधरीले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

### सिरहा

३० वर्षीया र २७ वर्षीया दुई महिलालाई ०८२ फागुन १ गते बेचबिखन गरी जबरजस्ती यौनकार्यमा लगाएको आरोपमा धनगढीमाई नगरपालिका-१० स्थित खुश्बुहोटल एण्ड लज सञ्चालक ३४ वर्षीय गुंजेश्वर साह र सप्तरी जिल्ला बलान बिहुल गाउँपालिका-६ का ३८ वर्षीय शिवकुमार साहविरुद्ध पीडितले फागुन १ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। प्रहरीले आरोपितहरुलाई फागुन १ गते गिरफ्तार गरेको डिएसपी कैलाश राईले बताए। जिल्ला अदालतको चैत २६ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

२५, १९, २१ र २३ वर्षीया चार महिलालाई ०८२ फागुन ५ गते बेचबिखन गरी जबरजस्ती यौनकार्यमा लगाएको आरोपमा लहान नगरपालिका-३ स्थित अनलाईन होटल सञ्चालक सोही नगरपालिका-१ बस्ने ४० वर्षीया अर्चना चौधरी, सप्तरी जिल्ला सुरुङ्गा नगरपालिका-९ का २१ वर्षीय अशोक चौधरी, १९ वर्षीय आकाश चौधरी र २० वर्षीय निकित चौधरीविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय लहानमा फागुन ५ गते उजुरी दिए। आरोपितहरुलाई प्रहरीले फागुन ५ गते गिरफ्तार गरेको डिएसपी कैलाश राईले बताए। जिल्ला अदालतको चैत २७ गतेको इजलासले आरोपितहरुलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

२०, २८, र २८ वर्षीया तीन महिलालाई ०८२ फागुन ६ गते जबरजस्ती आफनै घरमा यौनकार्यमा लगाएको आरोपमा लहान नगरपालिका-८ की ४० वर्षीया सुनिता साह र उनका पति ४५ वर्षीय दिलिप साहविरुद्ध पीडितहरुले फागुन ६ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिए। आरोपितहरुलाई प्रहरीले फागुन ६ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी कैलाश राईले बताए। जिल्ला अदालतको चैत २७ गतेको इजलासले आरोपितहरु पुर्पक्षका लागि थुनामा पठाउने आदेश गर्‍यो।

### महोत्तरी

२३ वर्षीया महिलालाई विवाहको प्रलोभनमा पारी जलेश्वर-३ भिठ्ठा नाकाबाट भारत तर्फ लगि रहेको अवस्थामा सोधपुछ गर्ने क्रममा भारत गुजरात बस्ने ३६ वर्षीय सदिक बाक्सु, सोही ठाउँ बस्ने ५६ वर्षीय हसन अब्खुला, २८ वर्षीय किशन भगवानभाइ गढिया, २८ वर्षीय सुनिल भगवानभाइ गढिया, धनुषा मिथिला विहारी नगरपालिका-३ की ५० वर्षीया महिला, महोत्तरी भंगहा नगरपालिका-३ की १८ वर्षीया युवती र सोही नगरपालिका-८ बस्ने नूनी बाबा भन्ने ४५ वर्षीय नु अलिलाई प्रहरीले ०८२ फागुन २७ गते गिरफ्तार गर्‍यो। आरोपीहरुविरुद्ध मानव बेचबिखन तथा ओसारपसार शिर्षकमा मुद्दा दर्ता गरिएको डिएसपी शैलेन्द्र भट्टले बताए। मुद्धा अनुसन्धान प्रक्रियामा रहेको प्रहरीले जानकारी दियो।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### सप्तरी

२४ वर्षीया युवतीलाई ०८२ चैत २१ गते बलात्कार गरेको आरोपमा कञ्चनरुप नगरपालिका-११ का २८ वर्षीय अनिल कुमार सिंहविरुद्ध पीडितले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत २१ गते गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भयो। प्रहरीले आरोपितलाई चैत २१ गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत वैशाख १७ गते जिल्ला अदालतमा मुद्धा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर थापा क्षेत्रीको वैशाख १७ गतेको इजलासले आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश भएको स्रेष्तेदार रामहरि अधिकारीले बताए।

### सिरहा

१९ वर्षीया सुस्तमनिस्थती भएकी युवतीलाई ०८२ माघ २५ गते बलात्कार गरेको आरोपमा कर्जन्हा नगरपालिका-१ का ७२ वर्षीय खिरबहादुर राउतविरुद्ध पीडित परिवारले फागुन २९ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २९ गते गिरफतार गर्‍यो। युवतीको स्वास्थ्य परीक्षण फागुन २९ गते प्रादेशिक अस्पताल सिरहामा भयो। जिल्ला अदालतको चैत २५ गतको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

२२ वर्षीया महिलालाई ०८२ पुस २५ गते बलात्कार गरेको आरोपमा गोलबजार नगरपालिका -९ का ४० वर्षीय जगरनाथ महराविरुद्ध पीडित पक्षले माघ १६ गते इलाका प्रहरी कार्यालय गोलबजारमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण माघ १६ गते प्रादेशिक अस्पताल सिरहामा भयो। आरोपितलाई माघ १६ गते गिरफतार गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी रमेशबहादुर पालले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२६)**

| | |
|---|---|
| बलात्कार | १५ |
| घरेलु हिंसा | १८ |
| बलात्कार प्रयास | ९ |
| यौन दुर्व्यवहार | ३ |
| साइबर अपराध | ४६ |
| परिवारजनबाट हत्या | ४ |
| बेचबिखन तथा ओसारपसार | ११ |
| 'बोक्सी' को आरोपमा | ४ |
| सामूहिक बलात्कार | २ |
| दाइजोजनित हिंसा | १६ |
| जम्मा | १३० |

१२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १२ गतेको इजलासले आरोपितसँग २ लाख ५० हजार रुपियाँ धरौटी माग गऱ्यो। हाल मुद्दा चालु अवस्थामा रहेको स्रेष्तेदार भेषराज भट्टराइले बताए।

**धनुषा**

१९ वर्षीया युवतीलाई ०८२ चैत ४ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडितले चैत ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत ६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ४ गते प्रादेशिक अस्पताल जनकपुरधाममा गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका डिएसपी गणेशबहादुर बमले बताए।

१८ वर्षीया युवतीलाई ०८२ फागुन २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा धनुषाधाम नगरपालिकाका-९ का २३ वर्षीय मनोज कुमार दासविरुद्ध पीडितले फागुन २५ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको खरिदार सीताराम दासले बताए।

२५ वर्षीया महिलामाथि ०८२ पुस २४ गते रोजगारीको प्रलोभन देखाएर यौन दुर्व्यवहार गरेको आरोपमा जनकनन्दनी गाउँपालिका-३ का ३४ वर्षीय धर्मेन्द्र महतोविरुद्ध पीडितले पुस २९ गते इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्स्पेक्टर बविन्दरप्रसाद नेम्वाङ्गले बताए।

२४ वर्षीया महिलालाई ०८२ पुस १९ गते बलात्कार गरेको आरोपमा सहिद नगरपालिका-४ का २६ वर्षीय रुपेश दासविरुद्ध पीडितले पुस २१ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस २२ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्स्पेक्टर रामचन्द्र घिमिरेले बताए।

२७ वर्षीया महिलालाई ०८२ फागुन ७ गते बलात्कार गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-३ का २८ वर्षीय जितेन्द्र शाहविरुद्ध पीडितले फागुन ८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। प्रहरीले आरोपितलाई फागुन ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत धनुषाको चैत ५ गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०८२ पुस २६ गते बलात्कार गरेको आरोपमा धनुषाधाम नगरपालिका-१ का २४ वर्षीय राकेश यादवविरुद्ध पीडितले पुस २८ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। प्रहरीले आरोपितलाई माघ ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन ४ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि सिन्धुली कारागार पठाएको अदालतका खरिदार सीताराम दासले जानकारी दिए।

३१ वर्षीया महिलालाई ०८२ चैत ७ गते बलात्कार गरेको आरोपमा मुखियापट्टी मुसहरनिया गाउँपालिका-४ का ४० वर्षीय वीरेन्द्र मण्डलविद्ध पीडितले चैत १० गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ११ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ सई अर्जुन खतिवडाले बताए।

२३ वर्षीया महिलालाई ०८२ फागुन १ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-३ का २६ वर्षीय सुजित शाहविरुद्ध पीडितले फागुन ३ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। प्रतिकार गर्ने क्रममा पीडितको टाउकोमा चोट लागेको कारण सोही दिन प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भयो। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ सइ अर्जुन खतिवडाले बताए।

१८ वर्षीया युवतीलाई ०८२ पुस २३ गते बलात्कार प्रयास गरेको आरोपमा गणेशमान चारनाथ नगरपालिका-३ का २१ वर्षीय राजीव शाहविरुद्ध पीडितले पुस २५ गते इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २७ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। प्रहरीले आरोपितलाई माघ ४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन ८ गतेको इजलासले आरोपितलाई पूर्पक्षको लागि जलेश्वर कारागार पठाइएको शाखा अधिकृत आत्माराम विश्वकर्माले जानकारी दिए।

२५ वर्षीया महिलालाई ०८२ फागुन १२ गते बलात्कार प्रयास गरेको आरोपमा मिथिला बिहारी नगरपालिका-५ का ३१ वर्षीय सदाम हुसेनविरुद्ध पीडितले फागुन १४ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको असई कन्हैया यादवले बताए।

२२ वर्षीया महिलालाई ०८२ चैत १ गते बलात्कार प्रयास गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१२ का २४ वर्षीय सतिश झाविरुद्ध पीडितले चैत ४ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ६ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ सई अर्जुन खतिवडाले बताए।

१९ वर्षीया युवतीलाई ०८२ फागुन २९ गते यौन दुर्व्यवहार गरेको भन्दै जनकनन्दिनी गाउँपालिका-५ का २२ वर्षीय किशोरी दासविरुद्ध पीडितले चैत १ गते इलाका प्रहरी कार्यालय खजुरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको इन्सपेक्टर बबिन्दर प्रसाद नेङवाङले बताए।

२८ वर्षीया महिलालाई ०८२ चैत ५ गते बलात्कार प्रयास गरेको आरोपमा औरही गाउँपालिका-३ का ३३ वर्षीय जितेन्द्र गोइत यादवविरुद्ध पीडितले चैत ८ गते इलाका प्रहरी कार्यालय औरहीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण चैत ८ गते प्रादेशिक अस्पताल जनकपुरधाममा भयो। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरी जवान लखेन्द्र शाहले बताए।

२४ वर्षीया महिलालाई ०८२ माघ ९ गते बलात्कार प्रयास गरेको आरोपमा सहिदनगर नगरपालिका-१ का ३४ वर्षीय रञ्जन यादवविरुद्ध पीडितले चैत ९ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। पीडितको प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भयो। प्रहरीले आरोपितलाई चैत १ गते गिरफ्तार गरी जिल्ला अदालत धनुषाको आदेश अनुसार हिरासतमा राखेर अनुसन्धान गरिरहेको इन्सपेक्टर रामचन्द्र घिमिरेले बताए।

१९ वर्षीया युवतीलाई ०८२ पुस २८ गते बलात्कार प्रयास गर्दै कुटपिट गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ का २४ वर्षीय दिनेश दासविरुद्ध पीडितले माघ २ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। पीडितको जानकी हेल्थ केयर जनकपुरधाममा दुई दिनसम्म उपचार भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको सइ नागेन्द्र मण्डलले बताए।

**महोत्तरी**

२७ वर्षीया महिलालाई ०८२ पुस ३० गते बलात्कार गरेको आरोपमा एकडारा गाउँपालिका -४ अजमरपट्टीका २८ वर्षीय सन्तोष कुमार मण्डलविरुद्ध पीडितपक्षले माघ २१ गते जिल्ला प्रहरी कार्यालय

महोत्तरीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते प्रादेशिक अस्पताल जलेश्वरमा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपि शैलेन्द्र भट्टले बताए।

**सर्लाही**

२० वर्षीया महिलालाई ०८२ पुस २२ गते बलात्कार गरेको आरोपमा मलंगवा नगरपालिका-११ गम्हरीयाका २६ वर्षीय विनोद कुमार यादवविरुद्ध पीडित पक्षले माघ ११ गते जिल्ला प्रहरी कार्यालय, मलंगवामा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ ११ गते जिल्ला अस्पताल मलंगवामा भयो । आरोपित यादव हालसम्म फरार रहेकोले खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय, मलंगवाका डिएसपी सरोज राईले जानकारी दिए।

२८ वर्षीया महिलालाई ०८२ चैत ४ गते नसालु औषधी सेवन गराइ सामूहिक बलात्कार गरेको आरोपमा ईश्वरपुर नगरपालिका-६ का ३२ वर्षीय लुकी बहादुर खत्री र ३४ वर्षीय वीर कुमार बैठाविरुद्ध पीडित पक्षले चैत २६ गते इलाका प्रहरी कार्यालय केशरगंजमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २६ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपितहरू फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय केशरगंजका ईन्स्पेक्टर नितेश कुमार सिंहले बताए।

३१ वर्षीया महिलालाई ०८२ चैत ६ गते बलात्कार गरेको आरोपमा गोडैता नगरपालिका-१ का ३४ वर्षीय दिलखुस दिवाना भने दिलिप कुमार महतोविरुद्ध पीडितले चैत २५ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २५ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर विन्देश्वर यादवले बताए।

३९ वर्षीया महिलालाई ०८२ फागुन ६ गते बलात्कार प्रयास गरेको आरोपमा ब्रहमपुरी गाउँपालिका-४ पिपराका ३७ वर्षीय नागेश्वर कुमार महतोविरुद्ध पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २२ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत २४ गते जिल्ला अदालतमा मुद्धा दर्ता गरी कानुनी प्रक्रिया अघि बढाएको प्रहरीले जानकारी दियो।

२९ वर्षीया महिलालाई ०८२ फागुन ४ गते बलात्कार गरेको आरोपमा हरिवन नगरपालिका-११ का ३६ वर्षीय नविन कुमार साहविरुद्ध पीडितले चैत २ गते इलाका प्रहरी कार्यालय हरिवनमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत २ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजतलास गरिरहेको इन्स्पेक्टर विन्देश्वर यादवले जानकारी दिए।

३८ वर्षीया बोल्न नसक्ने महिलालाई ०८२ फागुन २८ गते बलात्कार प्रयास गरेको आरोपमा ससुराविरुद्ध पीडित पक्षले चैत ८ गते इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दियो। पीडित महलिाको स्वास्थ्य परीक्षण चैत ८ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका इन्स्पेक्टर सुजन पाठकले बताए।

२७ वर्षीया महिलालाई ०८२ माघ २ गते बलात्कार गरेको आरोपमा लालबन्दी नगरपालिका-११ का ३४ वर्षीय सुशील चौधरीविरुद्ध पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय लालबन्दीमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण माघ ११ गते सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका इन्स्पेक्टर सुजन पाठकले बताए।

**रौतहट**

२२ वर्षीया महिलालाई ०८२ माघ ५ गते सामुहिक बलात्कार गरेको आरोपमा बौद्धिमाई नगरपालिका -७ का ५६ वर्षीय सेक ईसत खान ,४७ वर्षीय शेख अलियास र घटनामा सहयोग गरेको आरोपमा ३७ वर्षीया समीमुन खातुनविरुद्ध पीडित पक्षले चैत १ गते जिल्ला पही कार्यालयमा उजुरी दियो। पीडितको स्वाथ्य परीक्षण चैत २ गते प्रादेशिक अस्पताल गौरमा भयो। आरोपितहरू हालसम्म पनि फरार रहेकोले खोजतलास भइरहेको डीएसपी विष्णु प्रसाद बस्यालले बताए।

**बारा**

२२ वर्षीया महिलालाई ०८२ माघ ४ गते सिमराको एक होटेलमा लगी बलात्कार गरेको आरोपमा कलैया उपमहानगरपालिका- २० बसन्तपुरका ५० वर्षीय कानुन व्यवसायी एकरामुल हकविरुद्ध पीडितले माघ ४ गते इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दिइन्। प्रहरीले माघ ४ गते आरोपितलाई गिरफ्तार गरी माघ ८ गते सार्वजनिक गऱ्यो। आरोपित जिल्ला अदालतका पूर्व वैतनिक वकिल (कानुन व्यवसायी) रहेको प्रहरीले बतायो।

महिलाको स्वास्थ्य परीक्षण माघ ४ गते प्रादेशिक अस्पताल कलैयामा भयो। जिल्ला अदालतको माघ २५ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८२ पुस १८ गते बलात्कार गरेको आरोपमा करैयामाई गाउँपालिका - १ बस्ने ४५ वर्षीय अकबर मिया हवारीविरुद्ध पीडितले पुस २० गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको डिएसपी बिजय पण्डितले बताए।

१८ वर्षीया युवतीलाई ०८२ पुस २२ गते बलात्कार गरेको आरोपमा फेटा गाउँपालिका -४ बस्ने १९ वर्षीय कसिन्धर कुमार मण्डलविरुद्ध पीडितले पुस २३ गते जिल्ला प्रहरी कार्यालय कलैयामा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण पुस २३ गते प्रादेशिक अस्पताल कलैयामा भयो। आरोपित फरार रहेकोले खोजतलास भईरहेको डिएसपी बिजय पण्डितले बताए।

## दाइजोजनित हिंसा

### धनुषा

गणेशमान चारनाथ नगरपालिका-८ की २८ वर्षीया चाँदनी देवी मण्डललाई थप दाइजो माग्न शारीरिक र मानसिक यातना दिएको भन्दै पति ३० वर्षीय सिकेन्द्र मण्डलविरुद्ध ०८२ पुस २५ गते जिल्ला अदालतमा घरेलु हिंसा सम्बन्धी मुद्दा दर्ता गरिन्। विवाहमा एक थान पल्सर मोटरसाइकल, ५ लाख रुपियाँ नगद, पाँच आना सुन तथा फर्निचरका सामग्रीहरू दाइजो दिए पनि थप दाइजोको माग गर्दै सिकेन्द्रले मानसिक तथा शारीरिक यातना दिएको पीडितले बताइन्। असार ३ गते घरेलु हिंसा भएको भन्दै इलाका प्रहरी कार्यालय ढल्केवरमा उजुरी दिएकी थिइन्। इलाका प्रहरी कार्यालयमा असार २१ गते दुवै पक्षबीच भएको छलफलका क्रममा मेलमिलाप भएपनि हिंसा नरोकिएको कारण पीडितले जिल्ला अदालतमा मुद्दा दर्ता गरेको बताइन्। हाल मुद्धा चालु अवस्थामा रहेको अदालतका खरिदार सीताराम दासले बताए।

जनकपुरधाम उपमहानगरपालिका-५ की २७ वर्षीया राधिका कुमारी यादवलाई ०७८ वैशाख ४ गते विवाहमा नगद ६ लाख र मोटरसाइकल दिएपनि थप दाइजो माग गर्दै कुटपिट र धम्की दिने गरेको भन्दै पीडितले ३० वर्षीय पति बिमलेश यादवविरुद्ध ०८२ पुस २१ गते जिल्ला अदालत धनुषामा मुद्दा दर्ता गराइन्। हाल मुद्दा विचाराधीन अवस्थामा रहेको अदालतका खरिदार सीताराम दासले बताए।

जनकपुरधाम उपमहानगरपालिका-२ की २२ वर्षीय प्रियंका देवी दासलाई ०८२ माघ ८ गते विवाह ३ लाख रुपियाँ नगद, २ तोला सुनका गहना दिएपनि थप दाइजोको माग गर्दै कुटपिट गरेको आरोपमा २४ वर्षीय पति बिमलेश दासविरुद्ध पीडितले फागुन ८ गते धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता गराइन्। हाल मुद्दा चालु अवस्थामा रहेको अदालतका शाखा अधिकृत आत्माराम विश्वकर्माले बताए।

जनकपुरधाम उपमहानगरपालिका-२ की ३३ वर्षीय प्रमिलादेवी यादवलाई विवाहमा सुन चाँदीका गहना दिएको भएपनि थप दाइजो मोटरसाइकल माग गर्दै ०८२ फागुन १ गते कुटपिट गरी खान लगाउन नदिएको भन्दै ५१ वर्षीय जेठाजु सुजित यादव र ३५ वर्षीय पति प्रमोद यादवविरुद्ध पीडितले फागुन ८ गते धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता गराइन्। अदालतमा मुद्धा चालु अवस्थामा रहेको खरिदार सीताराम दासले बताए।

जनकपुरधाम उपमहानगरपालिका-१२ कुवारामपुरकी २४ वर्षीया श्वेता देवी मण्डललाई ०८२ माघ ८ गते माईतीसँग थप दाइजो पैसा माग माग्न कुटपिट गरी घर निकाला गरेको भन्दै २६ वर्षीय पति दिनेश मण्डलविरुद्ध पीडितले माघ ११ गते धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता गराइन्। हाल मुद्धा चालु अवस्थामा खरिदार सीताराम दासले बताए।

मिथिला बिहारी नगरपालिका-३ की २९ वर्षीया सुभद्रा देवी कामतलाई जग्गा दाइजो माग गर्दै ०८२ फागुन ७ गते मानसिक यातना दिइ ज्यान मार्ने प्रयास गरेको आरोपमा पीडितले चैत ३ गते ३० वर्षीय पति लोकेन्द्र कामत र २४ वर्षीय देवर बिजेन्द्र कामतविरुद्ध धनुषा जिल्ला अदालतमा पीडितले मुद्दा दर्ता गराइन्। मुद्दा चालु अवस्थामा रहेको अदालतका खरिदार सीताराम दासले बताए।

जनकपुरधाम उपमहानगरपालिका-८ की २५ वर्षीया जानकी देवी चौधरीलाई विवाहमा १ लाख रुपियाँ दिएपनि थप दाइजोको लागि मानसिक यातना दिएको आरोपमा २६ वर्षीय पति राजेश चौधरीविरुद्ध पीडितले ०८२ चैत ३ गते धनुषा जिल्ला अदालतमा मुद्दा दर्ता गराइन्। मुद्दा चालु अवस्थामा रहेको अदालतका शाखा अधिकृत आत्माराम विश्वकर्माले जानकारी दिए।

धनुषाधाम नगरपालिका-२ की २५ वर्षीया अन्जु देवी कापरलाई ०८२ पुस १८ गते थप दाइजोको लागि कुटपिट गरी घर निकाला गरेको आरोपमा २८ वर्षीय पति विक्रम कापर, ५७ वर्षीय ससुरा राजेश कापरविरुद्ध पीडितले पुस २५ गते जिल्ला अदालत धनुषामा मुद्दा दर्ता

गराइन्। पीडितको स्वास्थ्य उपचार सोही दिन राजाराम क्लिनीक जनकपुरधाममा भयो। मुद्दा हाल चालु अवस्थामा रहेको शाखा अधिकृत आत्मराम विश्वकर्माले बताए।

सहिद नगरपालिका-५ की ३४ वर्षीया मिनाक्षी देवी ठाकुरलाई ०८२ माघ १ गते माइतीसँग दाइजो माग भन्दै कुटपिट गर्नुका साथै मानसिक यातना दिएको आरोपमा ३५ वर्षीय पति सुरेन्द्र मण्डल र ५८ वर्षीय ससुरा रामपृत मण्डलविरुद्ध पीडितले माघ ४ गते धनुषा जिल्ला अदालतमा घरेलु हिंसा सम्बन्धी मुद्दा दर्ता गराइन्। हाल मुद्दा चालु अवस्थामा रहेको खरिदार सीताराम दासले बताए।

धनौजी गाउँपालिका-४ की २२ वर्षीया ललिता देवी पासवानलाई विवाहमा ८ लाख रुपियाँ दाइजो दिएको भए पनि थप दाइजोका लागि ०८२ पुस २० गते मानसिक तथा शारीरिक यातना दिएको आरोपमा २६ वर्षीय पति राकेश पासवानविरुद्ध पीडितले पुस २८ गते जिल्ला अदालत धनुषामा मुद्दा दर्ता गराइन। हाल मुद्दा चालु अवस्थामा रहेको खरिदार सीताराम दासले बताए।

**सर्लाही**

गोडैता नगरपालिका-१ की २४ वर्षीया मालती कुमारी महतोलाई ०८२ चैत १७ गते पति २५ वर्षीय सुरेन्द्र कुमार महतो र सासु ४९ वर्षीय फुलचन देवी महतो नुनीयाले थप दाइजो माग गर्दै कुटपिट गरेको भन्दै पीडितले चैत २३ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिइन। कुटपिटका कारण घाइते भएकी मालतीको उपचार चैत १७ गतेदेखि १८ गतेसम्म सर्लाही जिल्ला अस्पताल मलंगवामा भयो। विवाहमा १ लाख रुपियाँ नगद र एक तोला सुनको सिक्री दिएको भएपनि छोरीलाई पटक पटक दाइजोको निहुमा यातना दिने गरेको पीडितका बुबा ४८ वर्षीय राकेश महतोले बताए। आरोपितहरू फरार रहेकोले खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका इन्स्पेक्टर विन्देश्वर यादवले जानकारी दिए।

**पर्सा**

पर्सागढी नगरपालिका.-३ विरुवाटोलकी २५ वर्षीया हरिकला सहनीको ०८२ चैत २ गते खाटमा दुवै हात र मुख बाँधेर खुट्टा काटेको आरोपमा पति ३० वर्षीय विश्वनाथ सहनीविरुद्ध पीडितले चैत २ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिइन्। आरोपितलाई प्रहरीले चैत १४ गते बडनिहार क्षेत्रबाट गिरफ्तार गऱ्यो। विदेश जानका लागी बुबासँग पैसा माग भन्दा नमानेपछि पतिले खुट्टा काटेको पीडितले बताइन्। घाइते हरिकलाको वीरगन्जको एल.एस. न्यूरो हस्पिटलमा उपचार भयो। प्रहरीले सरकारी वकिलको कलार्यालय मार्फत वैशाख ८ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उत्तम सिलवालको वैशाख ९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको डिएसपी हरि बहादुर बस्नेतले बताए।

## साइबर अपराध

**धनुषा**

२२ वर्षीया महिलाको नक्कली आइडी बनाएर टिकटकमा अपमानजनक भिडियो पोस्ट गरेको आरोपमा मिथिला नगरपालिका-३ का २६ वर्षीय सुरेश महतोविरुद्ध पीडितले ०८२ चैत ८ गते साइबर अपराध सम्बन्धी इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिइन्। आरोपित फरार रहेकोले अनुसन्धान भइरहेको इन्स्पेक्टर लक्ष्मण केसीले बताए।

२३ वर्षीया महिलाले ०८२ माघ १० गते सामाजिक सञ्जाल मार्फत व्यक्तिगत भिडियो सार्वजनिक गरेको आरोपमा धनुषाधाम नगरपालिका-२ का २४ वर्षीय सुशील दासविरुद्ध पीडितले फागुन ८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको असइ कन्हैया यादवले बताए।

१८ वर्षीया युवतीलाई ०८२ पुस २७ गते फेसबुक म्यासेन्जरमार्फत अश्लील सन्देश पठाएको आरोपमा मिथिला नगरपालिका-५ का २१ वर्षीय रमेश पासवानविरुद्ध पीडित पक्षले माघ २ गते प्रहरी चौकी नगराइनमा उजुरी दिए। आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरी जवान शिवनन्दन यादवले बताए।

२१ वर्षीया महिलालाई ०८२ पुस २० गते ह्वाट्सएपमार्फत अश्लिल भिडियो पठाएको आरोपमा क्षिरेश्वरनाथ नगरपालिका-९ का २७ वर्षीय राकेश मण्डलविरुद्ध पीडितले माघ ६ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गरी अनुसन्धान भइरहेको वरिष्ठ हवल्दार सन्तोष चौधरीले बताए।

१९ वर्षीया युवतीको नक्कली फेसबुक आइडी बनाएर चरित्र हत्या गर्ने सामग्री ०८२ माघ २ गते सामाजिक सञ्जालमा पोस्ट गरेको आरोपमा विदेह नगरपालिका-६ का २८ वर्षीय सुरेश राउतविरुद्ध पीडितले माघ ८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेककोले खोजतलास भइरहेको प्रहरी जवान गोविन्दा राईले जानकारी दिए।

२४ वर्षीया महिलाको ०८२ फागुन ८ गते युट्युबमार्फत फोटो प्रयोग गरी भ्रामक भिडियो बनाएको आरोपमा बटेश्वर गाउँपालिका -२ का २२ वर्षीय सन्तोष दासविरुद्ध पीडितले फागुन ११ गते इलाका प्रहरी कार्याल महेन्द्रनगरमा उजुरी दिइन्। घटनाबारे अनुसन्धान भइरहेको प्रहरी जवान गोविन्दा राईले बताए।

२३ वर्षीया महिलाको ०८२ चैत ३ गते फोटो सम्पादन गरी सामाजिक सञ्जालमा अपलोड गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-१ का २६ वर्षीय मनोज कुमार साहविरुद्ध पीडितले चैत ८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ हवलदार सन्तोष चौधरीले बताए।

२७ वर्षीया महिलाको ०८२ पुस २० गते अनुमति बिना टिकटकमार्फत भिडियो अपलोड गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-५ का २२ वर्षीय विवेक यादवविरुद्ध पीडितले पुस २५ गते इलाका प्रहरी कार्यालय शहीदनगरमा उजुरी दिइन्। प्रहरी आरोपितलाई फागुन १० गते गिरफ्तार गरी अनुसन्धान गरिएको इन्स्पेक्टर रामचन्द्र घिमिरेले बताए।

१९ वर्षीया युवतीलाई ०८२ फागुन ८ गते इन्स्टाग्राममार्फत अश्लील सन्देश पठाई मानसिक तनाव दिएको आरोपमा कमला नगरपालिका-१ का २३ वर्षीय सुनील कुमार महतोविरुद्ध पीडितले चैत ९ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १८ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको असइ कन्हैया यादवले बताए।

२० वर्षीया महिलाको ०८२ चैत १ गते अनुमति बिना समाजिक सञ्जाल फेसबुकमा फोटो सार्वजनिक गरेको आरोपमा जनक नन्दनी गाउँपालिका- ५ का २५ वर्षीय विवेक मण्डलविरुद्ध पीडितले चैत ३ गते इलाका प्रहरी कार्यालय खौजरीमा उजुरी दिइन। घटनाबारे अनुसन्धान भइरहेको इन्स्पेक्टर बविन्दर प्रसाद नेम्वाङ्गले बताए।

२४ वर्षीया महिलालाई ०८२ माघ ३ गते टिकटक आइडीमा अनुचित सन्देश पठाएको आरोपमा विदेह नगरपालिका-१ का २६ वर्षीय निकेश रजकविरुद्ध पीडितले फागुन ८ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्सपेक्टर रामचन्द्र घिमिरेले बताए।

२८ वर्षीया महिलालाई ०८२ पुस १८ गते इमोमा अश्लिल भिडियो पठाएर यौन प्रस्ताव राखेको आरोपमा नगराईन नगरपालिका-५ का २६ वर्षीय दिनेश मण्डलविरुद्ध पीडितले पुस २५ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरी जवान गोविन्दा राईले बताए।

२२ वर्षीया महिलालाई ०८२ फागुन ८ गते फोन गरी यौन प्रस्ताव राखेको आरोपमा मिथिला बिहारी नगरपालिका -१ का २५ वर्षीय निरज कापरविरुद्ध पीडितले फागुन १० गते इलाका प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको असइ कन्हैया यादवले बताए।

२४ वर्षीया महिलालाई ०८२ फागुन ४ गते टिकटक आइडीमा गलत अश्लिल शब्द प्रयोग गरी सन्देश पठाएको आरोपमा जनकनन्दनी गाउँपालिका- ३ का २६ वर्षीय दिपेश कर्णविरुद्ध पीडितले फागुन ६ गते इलाका प्रहरी कार्यालय खौजरिमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १२ गते गिरफ्तारी गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार आरोपितलाई पूर्पक्षको लागि चैत ३ गते जलेश्वर कारागार पठाएको इन्सपेक्टर बविन्दर प्रसाद नेम्वाङ्गले बताए।

२४ वर्षीया महिलालाई ०८२ फागुन १३ गते भिडियो कल गरी गालीगलोज गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका -१८ का २६ वर्षीय मनिष यादवविरुद्ध पीडितले चैत १० गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ सइ नागेन्द्र मण्डलले बताए।

२६ वर्षीया महिलाको अनुमतिबिना ०८२ फागुन ११ गते फोटो भिडियोहरु सामाजिक सञ्जालमा राखेर गलत किसिमका टिप्काटिप्पणी गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका -९ का ३५ वर्षीय जयप्रकाश ठाकुरविरुद्ध पीडितले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेका सइ मिथुन यादवले बताए।

२२ वर्षीया महिलको बारेमा ०८२ चैत ११ गते फेसबुक आइडीमा नकारात्मक टिकाटिप्पणी गरेको आरोपमा विदेह नगरपालिका- ८ का २४ वर्षीय रोहित शाहविरुद्ध पीडितले चैत ११ गतेतिनकोरिया प्रहरी चौकीमा उजुरी दिइन्। घटना बारे अनुसन्धानको लागि केन्द्रीय कार्यालय ब्युरोमा पठाएको सइ राजेश ठाकुरले बताए।

२३ वर्षीया महिलालाई ०८२ माघ १७ गते रातिको समयमा भिडियो कल गरी गोप्य अङ्गहरू देखाउनका लागि प्रस्ताव गरेको आरोपमा सबैला नगरपालिका-१ का ३४ वर्षीय समिर रजकविरुद्ध पीडितले फागुन ८ गते इलाका प्रहरी कार्यालय सबैलामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको सइ मदन यादवले बताए।

३८ वर्षीया महिलालाई ०८२ चैत ३ गते राति फोन गरी यौन प्रस्ताव राखेको आरोपमा सिरहा जिल्ला नराहा गाउँपालिका -१ का २६ वर्षीय राजन सिंहविरुद्ध पीडितले चैत १० गते इलाका प्रहरी कार्यालय धनुषधामा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको असइ कन्हैया यादवले बताए।

२७ वर्षीया महिलाको फेसबुक आइडी ह्याक गरी ०८२ चैत १० गते दुरुपयोग गरेको आरोपमा मुखियापट्टि मुसर्निया गाउँपालिका-४ का २५ वर्षीय विकास शाहविरुद्ध पीडितले चैत १२ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। घटनाबारे अनुसन्धान भइरहेको वरिष्ठ हवल्दार सन्तोष चौधरीले बताए।

२३ वर्षीया महिलालाई ०८२ फागुन ३ गते रातिदेखि फोन गरेर गालीगलौज गरेको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-२१ का २५ वर्षीय कुलदीप दासविरुद्ध पीडितले फागुन ८ गते कुर्था प्रहरी चौकीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १२ गते गिरफ्तार गरी अनुसन्धान गरिरहेको असई श्याम बाबु शाहले बताए।

२२ वर्षीया महिलासँग ०८२ माघ १० गते फेसबुकमार्फत चिनजान गरी निजी तस्बिर दुरुपयोग गर्दै अश्लील सन्देश पठाएको आरोपमा जनकपुरधाम उपमहानगरपालिका-४ का २७ वर्षीय सन्तोष साहविरुद्ध पीडितले माघ १८ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन्। आरोपितविरुद्ध धनुषा जिल्ला अदालतमा माघ २३ गते मुद्दा दर्ता भई हाल विचाराधीन अवस्थामा रहेको अदालतका खरिदार सीताराम दासले बताए।

२५ वर्षीया महिलाको भिडियो मोबाइलमा रेकर्ड गरी ०८२ चैत ५ गते सार्वजनिक गर्ने धम्की दिँदै आर्थिक माग गरेको आरोपमा मिथिला नगरपालिका-६ का ३० वर्षीय राजकुमार दासविरुद्ध पीडितले चैत ६ गते इलाका प्रहरी कार्यालय ढल्केबरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १० गते गिरफ्तार गर्‍यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत ११ मुद्धा दर्ता गरी प्रक्रियामा रहेको खरिदार सीताराम दासले बताए।

२४ वर्षीया महिलालाई लक्षित गरी ०८२ माघ ६ गते समाजिक सञ्जालमा जात धर्मको आधारमा अश्लिल सामग्री बनाएर सार्वजनिक गरेको आरोपमा सहिद नगरपालिका- ३ का ३१ वर्षीय निशान प्रसाद यादवविरुद्ध पीडितले माघ ६ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ७ गते गिरफ्तार गर्‍यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालय मार्फत फागुन ११ गते जिल्ला अदालत धनुषामा विद्युतीय कारोबार ऐन सम्बन्धी मुद्दा दर्ता गरायो। जिल्ला अदालतको फागुन १ गतेको इजलासले आरोपितलाई पूर्पक्षको लागि सिन्धुली कारागार पठाएको इन्सपेक्टर रामचन्द्र घिमिरेले बताए।

२१ वर्षीया महिलालाई ०८२ माघ २१ गते इन्स्टाग्राममार्फत अश्लील फोटो सम्पादन गरी सार्वजनिक गर्ने धम्की दिएको आरोपमा क्षीरेश्वरनाथ नगरपालिका-२ का २४ वर्षीय अजय यादवविरुद्ध पीडितले माघ २९ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिइन्। आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ हवलदार पंकज यादवले बताए।

१९ वर्षीया युवतीको टिकटकमार्फत ०८२ फागुन ९ गते चरित्रहत्या हुने खालका भिडियो बनाइ सार्वजनिक गरेको आरोपमा जनकनन्दिनी गाउँपालिका-२ का २३ वर्षीय मनोज कुमार साहविरुद्ध पीडितले फागुन १२ गते इलाका प्रहरी कार्यालय खौजरीमा उजुरी दिइन्। आरोपित हालसम्म फरार रहेकोले खोजतलास गरिरहेको इन्स्पेक्टर बविन्द प्रसाद नेम्वाङ्गले बताए।

२६ वर्षीया महिलाले आफ्नो नाममा सञ्चालन भएको अज्ञात फेसबुक आइडीबाट ०८२ माघ १४ गते निरन्तर अश्लील सन्देश सार्वजनिक भएको भन्दै पीडितले फागुन ३ गते इलाका प्रहरी कार्यालय सबैलामा उजुरी दिइन्। उक्त आइडीको प्राविधिक अनुसन्धान भइरहेको सइ मदन यादवले बताए।

२८ वर्षीया महिलालाई ०८२ पुस १८ गते देखि ह्वाट्सएपमार्फत बारम्बार गालीगलौज गर्दै आएको आरोपमा धनुषाधाम नगरपालिका-७ का ३२ वर्षीय दीपक यादवविरुद्ध पीडितले माघ २५ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन। प्रहरीले आरोपितलाई चैत्र १५ गते गिरफ्तार गरी अनुसन्धान भइरहेको असइ कन्हैया यादवले बताए।

२४ वर्षीया महिलाको बारेमा ०८२ फागुन ३ गते सामाजिक सञ्जालमा झुटा आरोप लगाई प्रतिष्ठामा आघात पुर्‍याएको आरोपमा कमला नगरपालिका-७ का २९ वर्षीय रमेश कुमार मण्डलविरुद्ध पीडितले फागुन ५ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिइन। धनुषा जिल्ला अदालतमा फागुन १२ गते मुद्दा दर्ता भई विचाराधीन अवस्था रहेको शाखा अधिकृत आत्माराम विश्वकर्माले बताए।

१८ वर्षीया युवतीको बारेमा ०८२ फागुन ५ गते भ्रम सिर्जना गर्ने झुठा सामग्रीहरू समाजिक सञ्जालको फेसबुकमा अपलोड गरेको आरोपमा सर्लाही जिल्ला हरिवन नगरपालिका -५ हाल जनकपुरधाम उपमहानगरपालिका- ५ मा घरभाडामा बस्दै आएका २१

वर्षीय उज्वल राउतविरुद्ध पीडितले फागुन १३ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्सपेक्टर रामचन्द्र घिमिरेले बताए।

२७ वर्षीया महिलालाई ०८२ चैत ३ गते राति इमोमा अश्लिल भिडियो पठाएको आरोपमा मिथिला बिहारी नगरपालिका-८ का ४१ वर्षीय रामचन्द्र शर्माविरुद्ध पीडितले चैत ८ गते इलाका प्रहरी कार्यालय धनुषाधाममा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत २० गते गिरफ्तार गरी अनुसन्धान भइरहेको असइ कन्हैया यादवले बताए।

२० वर्षीया महिलालाई ०८२ चैत ५ गते फोन गरी यौन प्रस्ताव राख्दै नमाने फोटो भिडियोहरू फेसबुकमा सार्वजनिक गरीदिने धम्की दिएको आरोपमा मिथिला नगरपालिका- १ का २५ वर्षीय अखलेश शर्माविरुद्ध पीडितले चैत ८ गते इलाका प्रहरी कार्यालय ढल्केवरमा उजुरी दिइन्। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको इन्सपेक्टर लक्ष्मण केसीले बताए।

### रौतहट

२२ वर्षीया महिलाको ०८२ पुस २५ गते सामाजिक सञ्जालमा चरित्र हत्या हुने गरी भिडियो पोष्ट गरेको आरोपमा गढीमाई नगपालिका-८ बस्ने २६ वर्षीय रविन्द्र ठाकरविरुद्ध पीडितले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुना पठायो। मुद्दा हाल चालु अवस्थामा रहेको स्रेस्तेदार केशनाथ अर्यालले बताए।

## बोक्सी आरोप

### धनुषा

शहीद नगरपालिका-५ की २८ वर्षीया सीतादेवी मण्डललाई ०८२ पुस २० गते घर नजिकै रहेको पोखरीमा नुहाइरहेको बेलो “बोक्सी” भन्दै अपमानजनक शब्द प्रयोग गरी कुटपिट गरेको आरोपमा सोही ठाउँका २५ वर्षीय राजेश मण्डलविरुद्ध पीडितले पुस २५ गते इलाका प्रहरी कार्यालय यदुकाहामा उजुरी दिइन्। कुटपिटबाट घाइते भएकी सीतादेवीको सोही दिन राम जानकी हस्पिटल जनकपुरधाममा उपचार भयो। आरोपित फरार रहेकाले खोजतलास भइरहेको इलाका प्रहरी कार्यालय यदुकाहाका इन्सपेक्टर रामचन्द्र घिमिरेले बताए।

### सर्लाही

पर्सा गाउँपालिका-४ की ४४ वर्षीया सुनैना देवी यादवलाई ०८२ चैत ९ गते बोक्सी आरोपमा गालिगलौज र कुटपिट गरेको आरोपमा सोही ठाउँका ३८ वर्षीय राजेश्वर यादव र ३६ वर्षीय सुमन कुमार महतोविरुद्ध पीडितले चैत २४ गते जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिइन्। कुटपिटबाट घाइते भएकि सुनैनाको उपचार चैत ९ देखि ११ गतेसम्म प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपित पक्ष र पर्सा गाउँपालिका-१ र ४ का वडा सदस्यहरूले चैत १७ गते घटनालाई गाउँमै मिलापत्र गराउन प्रयास गरेको पीडितको आरोप लगाइन। घटना बारे अनुसन्धान भइ रहेको जिल्ला प्रहरी कार्यालय मलंगवाका ईन्स्पेक्टर विन्देश्वर यादवले जानकारी दिए।

### रौतहट

ईश्वनाथ नगरपालिका-२ कि ५५ वर्षीया दुर्गा देवी साहलाई पुस १७ गते सोही ठाउँ बस्ने ४० वर्षीय ब्रिजमोहन साह कानुले बोक्सीको आरोप लगाउँदै गालीगलौज गरी दुर्व्यवहार गर्नुका साथै कुटपिट गरेको आरोपमा पीडितले पुस १८ गते जिल्ला प्रहरी कार्यालय गौरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई पुस १८ गते गिरफ्तार गऱ्यो।।जिल्ला अदालतको चैत १५ गतेको आदेशले आरोपितसँग २५ हजार रुपियाँ धरौटी माग भएको श्रेस्तेदार केशरनाथ अर्यालले जानकारी दिए।

## पारिवारिक हत्या

२५ वर्षीया विभाकुमारी महतोको ०८२ चैत ३ गते आत्महत्या गरेको घटनामा गणेशमान चारनाथ नगरपालिका-४ बस्ने पति २७ वर्षीय मुकेश धनखोटी यादवविरुद्ध आत्महत्या दुरुत्साहनसम्बन्धी कसुरमा माइती पक्षले चैत ४ गते जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। सन्तान नजन्माएको भन्दै विभालाई आरोपितलगायत परिवारले शारीरिक तथा मानसिक यातना दिने गरेको भन्दै मृतकको शरीरमा नीलडाम देखिएका हुँदा घटना शंकास्पद रहेको मृतकका दाजु मनिषकुमार महतोले बताए। घटनाबारे अनुसन्धान अघि बढाएको डीएसपी गणेश बहादुर बमले जानकारी दिए। शवको पोस्टमार्टम सोहि दिन प्रादेशिक अस्पताल जनकपुरधाममा गरिएको थियो।

### सर्लाही

बरहथवा नगरपालिका-६ की ३७ वर्षीया मनिषा देवी महतोलाई ०८२ माघ २६ गते राति खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा देवर २९ वर्षीय महेश कुमार

महतोलाई ईलाका प्रहरी कार्यालय बरहथवाले माघ २७ गते गिरफ्तार गर्‍यो। आरोपितले हत्या गरी शव खाटमुनि राखिएको अवस्थामा फेला परेको ईलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी निरंजन भटराईले बताए। शवको पोष्टमार्टम माघ २८ गते प्रादेशिक अस्पताल मलंगवामा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले बतायो।

### रौतहट

फतुवा विजयपुर नगरपालिका-६ पेट भरवा टोलकी ३५ वर्षीया आरती देवी यादवको ०८२ फागुन २ गते पति ४५ वर्षीय महन्त राय यादवले धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै माइती पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनास्थलबाट बन्चरो र मासु काट्ने दाउ बरामद भएको इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाका सइ विश्वनाथ यादवले बताए। माइती बस्दै आएकी आरती माघ २७ गते मात्रै घर फर्किएकी थिइन। पटकपटक मानसिक यातना दिने र कुटपिट गर्ने गरेको मृतकका बुबा राम आधार राय यादवले बताए। शवको पोस्टमार्टम फागुन ३ प्रादेशिक अस्पताल गौरमा भयो। आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले बतायो।

### पर्सा

जिराभवानी गाउँपालिका- १ पिपरा टोलकी ६५ वर्षीय शायेदा श्रीवास्तवको ०८२ चैत ९ गते घरायसी विवादका कारण हत्या गरेको आरोपमा २५ वर्षीया बुहारी पिंकीदेवी श्रीवास्तव र उनकी बहिनी १९ वर्षीया गायत्री श्रीवास्तावलाई सोही दिन प्रहरीले गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम चैत १० गते नारायणी अस्पताल वीरगन्जमा गरिएको डीएसपी हरिबहादुर बस्नेतले बताए। अदालतको चैत ३० गतेको इजलासले आरोपितहरुलाई पूर्पक्षका लागि थुना पठाउने आदेश भयो।

## जातीय विभेद

### धनुषा

जनकनन्दनी गाउँपालिका -३ का ३५ वर्षीय बिर्जमोहन महरामाथि ०८२ फागुन ९ गते चिया पसलमा बस्दा एउटै जातीय छुवाछुत गर्दै गिलास प्रयोग गरेको विषयलाई लिएर भएको विवादमा कुटपिट गरेको भन्दै सोही ठाउँका ३८ वर्षीय रामकुमार यादवविरुद्ध पीडितले फागुन १० गते इलाका प्रहरी कार्यालय खौजुरीमा उजुरी दिए। सोही दिन बिर्जमोहनको स्थानीय स्वास्थ चौकीमा पीडितको उपचार गरिएको थियो। आरोपितलाई पटकपटक उपस्थित हुनको लागि पत्र पठाए पनि हालसम्म उपस्थित नभएको इन्सपेक्टर बविन्दप्रसाद नेङवाङले बताए।

सबैला नगरपालिका-२ का २३ वर्षीय राकेश सदालाई ०८२ फागुन १८ गते खेतमा काम गर्ने क्रममा मजदुरी विवाद हुँदा कुटपिट गरी जातीय आधारमा होच्याउदै गालीगलौज गरेको आरोपमा सोही ठाउँ बस्ने ३८ वर्षीय दिनेश साहविरुद्ध पीडितले सोही दिन इलाका प्रहरी कार्यालय सबैलामा उजुरी दिए। टाउकोमा चोट लागेका राकेशको फागुन २० गतेका दिन प्रादेशिक अस्पताल जनकपुरधाममा उपचार भयो। आरोपित हाल फरार रहेकोले खोजतलास भइरहेको असई राजहरण गुप्ताले जानकारी दिए।

क्षिरेश्वरनाथ नगरपालिका-९ कि २३ वर्षीया अनिता दासमाथि ०८२ पुस २६ गते सार्वजनिक कार्यक्रममा बस्ने ठाउँको विषयलाई लिएर जातीय आधारमा होच्याउँदै गालीगलौज गरी लौरोले कुटपिट गरेको आरोपमा सोही नगरपालिका-१ का २९ वर्षीय सुरेन्द्र रजक कर्णविरुद्ध पीडितले पुस २८ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा उजुरी दिइन्। पीडितको स्वास्थ्य उपचार सोही दिन स्थानीय क्लिनिकमा भयो। हालसम्म आरोपित फरार रहेकोले खोजतलास भइरहेको वरिष्ठ सइ पंकज यादवले जानकारी दिए।

विदेह नगरपालिका -४ का ३३ वर्षीय सुजित पासवानलाई ०८२ चैत १० गते मेलाको सन्दर्भमा बसेको बैठकमा जातको आधारमा अपशब्दहरू प्रयोग गर्दै दुर्व्यवहार गरेको आरोपमा सोही ठाउँका ४२ वर्षीय नरेश यादवविरुद्ध सोही दिन पीडितले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिए। आरोपितलाई उपस्थित हुनको लागि पत्र पठाइएको भएतापनि हालसम्म उपस्थित नभएको सइ नागेन्द्र मण्डलले बताए।

### महोत्तरी

रामगोपालपुर नगरपालिका-९ का ६५ वर्षीय तिलक महरालाई गाउँको सामुहिक भेलामा बसेको अवस्थामा ०८२ पुस २१ गते तल्लो जातको भनी अपमान गरेको आरोपमा सोही ठाउँ बस्ने ४५ वर्षीय भरत यादव, ५० वर्षीय विल्टु चौधरी र ३७ वर्षीय नथुनी यादवविरुद्ध पीडितले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित विल्टु चौधरीलाई पुस २२ गते गिरफ्तार गर्‍यो। जिल्ला अदालतको पुस २७ गतेको इजलासले आरोपितसँग ५० हजार रुपैयाँ धरौटी माग गर्‍यो। अन्य आरोपतिहरु फरार रहेकोले खोजतलास भइरहेको डिएसपी शैलेन्द्र भट्टले बताए।

एकडारा गाँउपालिका-६ की ३५ वर्षीया रोशनी पासवानलाई ०८२ माघ २ गते धारामा पानी थाप्न गएको समय तल्लो जातकीले धारा छोयो भनी दुर्व्यवहार गरेको आरोपमा सोही ठाँउकी ४२ वर्षीया मिरा तिवारी, ४० वर्षीया सरिता महासेठविरुद्ध पीडितले माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितहरुलाई प्रहरीले माघ ६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठाइयो।

**पर्सा**

सखुवाप्रसौनी गाउँपालिका -५ महुवन बस्ने ४५ वर्षीया मालती राम र उनको ७ वर्षीय भतिज बब्लु कुमार रामलाई ०८२ चैत १ गते कुटपिट गरेको आरोपमा पीडित परिवारले चैत २ गते जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी दिए। कुटपिटबाट घाइते भएकी मालती र बब्लुको नारायणी अस्पताल वीरगन्जमा उपचार भयो। आरोपितले दलित भएको कारण विभेद गरी होच्याउँदै तँ चमारलाई देखेर दिन नै खराब हुने भनेपछि प्रतिउत्तरमा बोलेका कारण कुटपिट गरीएको पीडित मालतीको बताइन्। आरोपितको खोजतलास भइरहेको भन्दै घटना अनुसन्धानको क्रममा रहेकोले नाम सार्वजनिक नगरिने डिएसपी हरि बहादुर बस्नेतले बताए। राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटीको नेतृत्वमा चैत २ गते आयोगको टोली सहित मधेश प्रदेशका पूर्व प्रदेश सभा सदस्य सुन्दर विश्वकर्मा, मुक्ति समाज नेपालका केन्द्रिय सचिव मानदेव हजारा र सुरेन्द्र पासवानले पीडित परिवारसँग भेट गरी घटनाबारे जानकारी लिए।


*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**मधेश प्रदेशद्वारा प्रकाशित**

**संयोजन** : राजु पासवान, **सम्पादन** : ममता विश्वकर्मा

जनकपुरधाम उपमहानगरपालिका-२, कदमचोक, कमलापथ, धनुषा

इमेल : Janakpur@insec.org.np, Website : www.inseconline.org